# अध्याय - एक

## अध्ययनको शीर्षक

यस अध्ययनको शीर्षक 'ललितपुर जिल्लाका कालेश्वर र चन्दनपुर गा.वि.स मा प्रचलित लोककथाहरूको अध्ययन' रहेको छ ।

### १.२ अध्ययनकर्ताको नाम

दुर्गाप्रसाद घिमिरे

### १.३ अध्ययनको प्रयोजन

प्रस्तुत अध्ययन पत्र त्रि.वि.वि. मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली विभाग अर्न्तगत नेपाली विषयको स्नातकोत्तरतह दोस्रो वर्षको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

### १.४ समस्याकथन

निम्न लिखित समस्याहरू देखिएको हुनाले प्रस्तुत अध्ययन प्रारम्भ गरिएको हो

क) ललितपुर जिल्लाको दक्षिणपूर्वी गा.वि.स.हरू कालेश्वर र चन्दनपुरमा के कस्ता लोककथाहरू रहेका छन् ?

ख) लोककथाका सैद्धान्तिक पक्ष के कस्तो रहेको छ ?

ग) कथातत्त्वका आधारमा उक्त गा.वि.स.हरूबाट सङ्कलित लोककथालाई विश्लेषण गर्न सकिन्छ ? यिनै तीन समस्याहरूको समाधान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको हो ।

### १.५ अध्ययनपत्रको उद्देश्य

यस अध्ययन पत्रको उद्देश्य निम्न अनुसार रहेको छ ।

क) ललितपुर जिल्लाको दक्षिणपूर्वी गा.वि.स. हरू कालेश्वर र चन्दनपुरमा रहेका लोककथाको संकलन गर्नु

ख) कथातत्त्वका आधारमा ती कथाहरूको विश्लेषण गर्नु लोककथाका विशेषता कथाको उत्पत्तिको सिद्धान्त अनुरूप लोककथामा रहेका विशेषताहरूको बारेमा जानकारी प्राप्त गर्नु

## १.६ अध्ययनपत्रको सीमा

प्रस्तुत अध्ययन पक्षको भौगोलिक सीमा ललितपुर जिल्लाको दक्षिणपूर्वी पहाडी गा.वि.स हरू कालेश्वर र चन्दनपुरमा सीमित रहेको छ । भने विषयगत सीमामा त्यस क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण रहेको छ ।

## १.७ अध्ययनपत्रको औचित्य

समस्या कथनमा व्यक्त गरिएका समस्याहरूको समाधान गरिएको, उद्देश्यहरू पूरा गरिएको तथा प्राज्ञिक क्षेत्रमा समेत विशेष योगदान दिने हुनाले यस अध्ययनको औचित्य स्वतः स्पष्ट हुन्छ ।

## १.८ पूर्वकार्य समीक्षा

नेपाली भाषाको उत्पत्तिसँगै नेपाली लोककथाको अस्तित्व स्वीकार गर्न सकिन्छ । मौखिकरूपमा हुर्कदै आएका नेपाली लोककथालाई लिखितरूपमा उर्तानेे काम भने धेरै पछि भएको छ । ऐटनको अंग्रेजी भाषामा लेखिएको पुस्तक (सन १८७७) मा मुन्सीका तीन आहान प्रकाशित छ भने वोधविक्रम अधिकारीले वि.सं. १९९६ सालमा संकलन गर्नु भएको नेपाली दन्त्यकथा संग्रहमा १२ वटा लोककथा संकलन पछि लोक साहित्यको लोककथा विधाले लिखितरूपमा अगाडि बढने अवसर प्राप्त गरेको छ ।

यस पछि क्रमश दन्त्यकथा, सुनौलाकथा नेपाली कथा, किराँती दन्त्यकथा, हाम्रो संस्कृति पत्रिकामा प्रकाशित कथाहरू, कर्णाली लोकसाहित्य खण्ड ५ मा प्रकाशित कथाहरू, नेपाली लोकसाहित्यको विवेचना, नेपाली दन्त्यकथा संग्रह, नेपालका चुनिएका लोककथाहरू, किराँती लोककथा संगालो, नेपाली लोककथाका अभिप्रायको अध्ययन जस्ता कृति र शोध अनुसन्धान कार्य भएको पाइन्छ ।

हुन त नेपाली लोककथाको संकलन प्रकाशन तथा लोकसाहित्यको अध्ययनमा शोध र अनुसन्धानका प्रस्सतकार्य भएका हुन् । बोधविक्रम अधिकारीले नेपाली

लोककथाको शंकलन गरी प्रकाशित कथाहरू पनि धेरै छन् । यस क्षेत्रमा अध्ययन र शोधकार्य पनि धेरै भएको पाइन्छ । तुलसी दिवसले नेपाली लोककथाको संकलन तथा अध्ययन अनुसन्धान गरेको पाइन्छ । नेपाली लोककथामा स्नातकोत्तरतह शोधपत्रको कार्य गरेको पाइन्छ । विद्याबारिधिका लागि पनि लोककथा विषयमा काम भएको छ । नेपाली लोककथामा अध्ययन अनुसन्धान गर्ने वोधविक्रम अधिकारी, चूडामणि वन्धु, डा.शम्भुप्रसाद कोइराला, तुलसी दिवस, सुर्वण शमशेर जबरा, इमान सिहं चेमजोङ्, करुणाकर वैद्य, शिवकुमार श्रेष्ठ, मोतीलाल पराजुली आदिबाट अध्ययन अनुसन्धान भएको छ तर पनि यस ललितपुर जिल्लाको दक्षिण पूर्वीपाटोमा रहेका दुई गा.वि.स हरूमा लोककथा अध्ययन र अनुसन्धान गर्ने कार्य आजसम्म नभएको कारणले गर्दा यस कार्यलाई अगाडि सारेको छु । जसले गर्दा भोलि थप अध्ययन र अनुसन्धानमा पनि टेवा पुग्ने आशा गर्दछु ।

**अध्ययन विधि**

क) सामग्री सङ्कलन विधि

यस अध्ययनको लागि सामग्री सङ्कलन गर्न क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको हो, माथि उल्लेख गरिएका दुई गाविसमा गएर लोकसमुदायबाट लोककथाहरू सङ्कलन गरिएको हो ।

ख) सामग्री विश्लेषण विधि

यस अध्ययनमा सामग्रीहरूलाई विश्लेषण गर्दा विश्लेषणानात्मक पद्धति, पुस्तकालयीय पद्धति र तुलनाम्मक पद्धतिको प्रयोग गरिएको छ ।

**१.१० अध्ययनको रूपरेखा**

१) पहिलो अध्याय- अध्ययनको परिचय

२) दोस्रो अध्याय- लोककथा सिद्धान्त

३) तेस्रो अध्याय - सङ्कलित लोककथाहरूको स्थापन र विश्लेषण

४) चौथो अध्याय - उपसंहार र सारांश

# अध्याय – दुई

# लोककथा सिद्धान्त

## २.१ लोककथाको परिचय र परिभाषा

समाजको उत्पत्तिपछि भाषाको मौखिक परम्परा हुर्कदै आयो, जसको फलस्वरूप लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोककथा अत्यधिक मूल्यवान् विधाको रूपमा देखा पऱ्यो । विश्वका हरेक धर्म, संस्कृति, जाति र भाषा भाषीमा परम्परागत विश्वास, आचार विचार, तन्त्र मन्त्र तथा जादु र टुनाले भरिपूर्ण भएको मनोरञ्जनात्मक गद्य विधाको विकासले लोककथा लाई जीवन्त बनाएको देखियो । 'समाजको उत्पत्तिर विकास सँ-सँगै मौखिक परम्पराबाट हुर्केर अगाडि बढेको आख्यान मूलक गद्यात्मक प्रस्तुति नै लोककथा हो ।'

'बूढामरे भाषा सरे' भने झैं प्रौढ प्रौढाहरूबाट हामी र हाम्रा सन्ततिमा सर्दै झाङ्गिदै र फैलदै अगाडि बढेको लोकसाहित्यको गद्य आख्यानात्मक जेठो विधाको रूपमा लोककथा पर्छ भन्नु युक्तिसंगत नै ठर्हछ । लोककथा शब्दको प्रचलन लोकसाहित्यका धारणाको विकास भएपछि भएको हो । पौराणिक परम्परामा लोककथालाई 'दन्त्यकथा', कथा र कुथुङ्ग्री शब्दले सम्बोधन गरिएको पाइन्छ । हुन त वेदको प्रादुर्भाव सँगै कथाको विकास भए पनि नेपाली भाषामा यसको विकास पछाडि नै भएको हो ।

'नेपाली भाषामा लोककथा भनिने शब्दको अंग्रजीमा सम्मानर्थी शब्द फोक टेल्स हुन्छ । भारतमा प्रचलित कहानी लोककथाकै समानर्थी शब्द हो । विश्वका विभिन्न भाषाभाषीहरूका आफ्नै परम्परामा लोककथालाई विभिन्न नामले पुकारेको पाइन्छ ।

'पाश्चात्य जगतमा लोककथालाई पौराणिक वा मिथक कथा दन्त्य कथा वा जनश्रुति नीति कथा तथा परीकथा आदिका रूपमा लिइएको पाइन्छ ।' जर्मन भाषामा

परीकथालाई मार्खे भनिन्छ भने जर्मनमा नै एक थरी कथालाई सागें भनिन्छ जसमा वीर पुरुषहरूको चारित्रिक बयान गरेको पाइन्छ । [१]

लोककथाको परिभाषा दिने क्रममा पूर्वीय र पाश्चात्य विद्वानहरूको फरक फरक मत रहेको पाइन्छ । यी फरक फरक मत नै लोककथाका परिभाषहरू हुन् ।

१) लोककथा आफैंमा तत्कालीन समयको चालचलन, रीतिरिवाज सामाजिक सांस्कृति विश्वास, परम्परागत संस्कार, अनुष्ठान आदिको जीवित हस्ताक्षर र प्रतीकात्मक साक्षी हो ।

- सी.एस.वर्न

२) लोककथा आधुनिक कथाको जनक हो र लोकगीत समस्त कविताको जननी हो

- एभेलिन मार्टिनेंगो

३) लोककथा आदिम सभ्यताको अभिव्यक्ति हो ।

- द्विजराम यादव

४) लोककथामा मानवको अतीतमात्र होइन, वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्छ

-तुलसी दिवस [२]

माथि प्रस्तुत गरिएका परिभाषाहरूले जुन रूपमा लोककथाको परिभाषा दिएका छन् त्यतिमात्र पनि यसको परिधि नभएको हुँदा यसलाई लोकजगतमा अझै छरिएर रहेको लोकाख्यान मूलक अभिव्यक्ति ठान्नु पर्दछ ।

नेपाली लोकसाहित्यको लोककथा एक महत्त्वपूर्ण विधा हो । त्यसैले लोककथा 'परापूर्वकालदेखि काल्पनिक धरातलमा हुर्किएको सामाजिक र सांस्कृति मूल्यको गद्यआख्यानात्मक धरोहर नै लोककथा हो ।

---

१ चूडामणि बन्धु- **नेपाली लोकसाहित्य** (काठमाडौं: एकता प्रकाशन २०५८), पृष्ठ २०४ ।

२ डा. शम्भु कोइराला- **लोकसाहित्य** (विराटनगर: धरणीधर-प्रतिष्ठान २०५५) पृष्ठ -९७/९८

## २.२ लोककथाको उत्पत्ति

लोककथाको उत्पत्तिको बारेमा पनि विभिन्न मत मतान्तरहरू पाइन्छन् । लोककथाको उत्पत्ति भाषाको उत्पत्ति सँग-सगै भएको हुनुपर्दछ । भाषा नै भावनाको अभिव्यक्ति गर्ने माध्यम हो भने लोककथा वास्तविकता र काल्पनिक उडानलाई जोडजाड गरी अभिव्यक्त गर्ने विषय वस्तु हो त्यसैले लोककथाको उत्पत्तिका सम्बन्धमा धेरै मतमतान्तर भएको पाइन्छ । भाषाको प्रादुर्भाव र भावनाको अभिव्यक्ति दिने कला जहिलेदेखि विकास भयो, त्यसै दिनदेखि लोककथाको प्रादुर्भाव भयो भन्नु युक्तिसंगत नै ठहर्छ । लोकसाहित्यका विद्वान् र मर्मज्ञहरूले लोककथाको उत्पत्तिको सम्बन्धमा विभिन्न धारणाहरू, विचारहरू अभिव्यक्त गरेका छन् र सबैका धारणाहरू फरक फरक छन । यस पृष्टभूमिमा देखापरेका मतहरू यस प्रकार छनः-

१) प्रचारवादी मत

२) विकासवादी मत

३) मनोविश्लेषणवादी मत

४) इच्छापूर्तिवादी मत

५) व्याख्यावादी मत

६) यथार्थवादी मत

७) प्रकृतिरूपवादी मत

८) समष्टिवादी मत

### २.२.१ प्रचारवादी मत

लोककथाको उत्पत्ति कुनै स्थान विशेषमा भएको भए । पनि त्यो कथा कुनै एक देश वा स्थान विशेषको उपज होइन भन्ने धारणा नै प्रचारवादी मत हो । यस मत अनुसार कथा सृजना कुनै देश वा जाति विशेषमा भए पनि त्यसको प्रचार र प्रसारले त्यो कथा विश्वका विभिन्ना स्थान र जातिमा पुग्छ भन्ने मान्यता यसवादले राख्दछ ।

जसको फलस्वरूप एक पुस्ताले भनेका कथा अर्को पुस्ता र एक देशबाट अर्को देश हुँदै विश्व भरि फैलिएको हो भन्ने मतलाई प्रचारवादी मत भनिन्छ ।

### २.२.२ विकासवादी मत

यसवादका विचारहरू लोककथाको प्रादुर्भावलाई मानव सभ्यता र जीवनको विकासको गतिसँग जोड्छन् र मान्छेको क्रमागत विकास सँगसँगै लोककथाको पनि विकास भएको हो भन्छन् । मान्छेले आफ्नो दिनचर्याबाट महत्त्वपूर्ण घटनाहरूलाई सुन्न र भन्न थाल्यो, त्यसपछि तिनै घटनाहरू अतिरञ्जितरूपमा पनि विकास भएका हुन् जसले गर्दा टुक्रा टाक्री कथनबाट लोककथाको सिर्जना भएको हो ।

### २.२.३ मनोविश्लेषणवादी मत

मनोविज्ञानसम्बन्धी अध्ययनकर्ता फ्रायड र उनका सर्मथक वा फरक मत राख्ने जुङ्ग, एडलर आदिको मतलाई आत्मासात् गर्दै अगाडि बढेको लोककथाको वीज भनेको मानवीय मन हो । त्यसमा चेतन, अर्धचेतन र अचेतनको अवस्थाले मानिसको मनलाई घुमाइ राखेको हुन्छ र अचेतन मन दमित कामवासनाबाट सृजित हुन्छ अनि यो विकृत र असामान्य हुने हुनाले सामाजिक जीवनमा यसको परिपूर्तिको संभावना हुँदैन । किन्तु यसले निकास खोजिरहेको हुन्छ । फलस्वरूप यसले ज्ञात मनलाई नदिइ झुक्याई कल्पित कथाको आधारमा यौन वासनाको रूप बदली लोकसम्मुख प्रस्तुत गर्दछ लोककथा ।[३] यसैगरी जुङ्ग र एडलरका मनोवैज्ञानिक धारणाको आधारमा यसवादको विकास भएको छ ।

### २.२.४ इच्छापूर्तिवादी मत

यस सिद्धान्तका अनुसार कथाहरू मानिसका अवचेतन मनका दमित इच्छा आकाङक्षा तथा वासनाले भरिएका हुन्छन्, त्यसैले पूर्तिका लागि दमित इच्छालाई प्रतीकात्मक रूपमा कथाका माध्यमले पूरा गर्नु नै इच्छापूर्ति वादी मत हो । अप्सराका

---

३ धर्मराज थापा र हंसपुरे सुवेदी- **नेपाली लोकसाहित्यको विवेचना** (काठमाडौंः त्रि.वि. पाविके, २०४१) पृष्ठ -३२२

कथा, राजाका सात रानी तथा कृष्णका १६१०८ रानी गोपिनीको चर्चा यस वादका उदाहरण हुन् ।

### २.२.५ व्याख्यावादी मत

व्याख्यावादीहरूको धारणा अलिफरक किसिमको छ, उनीहरू भन्छन "लोककथाको उत्पत्तिको कारकतत्त्व सामाजिक परम्परा, धर्म, रीतिरिवाज, संस्कृति तथा सामाजिक नीति नियमको व्याख्या हो । धर्म र संस्कृतिलाई नैतिक बल प्रदान गर्ने आधार ईश्वर हो, ईश्वरको मान मर्यादा राख्दा मात्र नैतिकता सत् चरित्र रहन्छ भने मान्यता यस मतमा पाइन्छ । यो नै लोककथाको उत्पत्तिमा रहेको प्रमुख तत्त्व मान्दछन व्याख्यावादीहरू ।" [४]

### २.२.६ यथार्थवादी मत

समाजको उत्पत्तिसँगै समाजमा जे जति घटना प्रतिघटनाहरू भए त्यसैलाई बारवार भन्दै जाँदा लोकव्यवहारमा एकले अर्कालाई केही कल्पना र प्रतीकात्मक रूपमा बढाउने काम गरेको भए पनि देश, काल, सभ्यता संस्कृति र धर्म संस्कारकै यथार्थ घटनालाई यसको मूल रूप मान्नुपर्छ भन्ने मत यथार्थवादीहरूको रहेको छ ।

### २.२.७ प्रकृतिरूपवादी मत

मान्छे भावुक र कल्पनाशील प्राणी हो, कल्पनाका भरमा यस ब्रहमाण्डमा भएको विविध रूप र रङ्गलाई कल्पनाको माध्यमद्वारा मानवीकरण गर्दै मान्छेले कथा हाल्न थाल्यो जसको फलस्वरूप लोककथाको जन्म भयो भन्ने धारणा यसमा देखापर्छ । चन्द्रमा, वस्तुका आधारमा कल्पना गरी कथाको विकास भएको ठान्ने मत प्रकृति रूपवादीहरूको छ ।

### २.२.८ समष्टिवादी मत

समष्टिको अर्थ सबै हो, त्यसैले माथि उल्लेखित वादहरू आफैमा कुनै पनि पूर्ण छैनन् । त्यसैले समग्रमा हेर्दा प्रत्येकको प्रभाव कुनै न कुनै रूपा भएकै देखापर्छ,

---

४ धर्मराज थापा र हंसपुरे सुवेदी-पूर्ववत-पृ.३२२

त्यसैले लोककथाको सृजना माथिका सबै वादीको केही न केही आधारमा भएको हुन्छ भनी मान्नु यस वादको मान्यता रहेको छ ।

## २.३ लोकथाका विशेषताहरू

लोकजीवनमा घटेका वा घट्न सक्ने घटनाका अतिरिक्त कल्पनामय संसारका अद्भुत अलौकिक घटनाहरूलाई विभिन्न मानवीय, मानवेतर पात्रहरूद्वारा अविभव्यक्त भएका घटनालाई चाखिलो र आनन्दमय बनाउने लोककथाका अनेकौ अनेक विशेषताहरू हुने गर्दछन् । लोककथाका विशेषताहरूलाई यस प्रकार चर्चा गर्न सकिन्छ ।

- लोककथा मौखिक र लिखित साहित्यका रूपमा विकसित भएको विधा हो ।
- लोककथा परम्परागत रूपमा पुस्तौं पुस्तादेखि प्रचलित छ ।
- समय, देश, काल र परिस्थिति प्रायः कथाहरूमा काल्पनिक र आश्चर्यजनक हुन्छन् ।
- मानवीय तथा मानवेतर प्राकृतिक तथा अप्राकृतिक सबै रूपमा कथा पाइन्छन् ।
- पौराणिक, ऐतिहासिक र रूढिगत घटनाहरूलाई फूलबुटा जडेर आफ्नो उद्देश्य अनुरूप प्रयोग गरिन्छ ।
- सत्यता, स्वाभाविकता र विश्वनीयता कम हुन्छ ।

माथिका बुँदाहरूका साथै निम्न लिखित विशेषताहरू पनि लोककथाका विशेषतामा युगौंयुग अगाडिदेखि देखा परेका छन् । जसलाई यस प्रकार देखाउन सकिन्छ ।

१. रचनाकार अज्ञात

२. लोकरञ्जकता

३. अश्लील श्रृङ्गारको अभाव

४. मानवीय मूल प्रवृत्तिको उद्बोधन

५. जादु, टुना, रहस्य, रोमाञ्च, र अलौकिक तत्त्वको प्रधानता

६. सुखान्त संयोगमा कथाको अन्त्य

७. उत्सुकताको भावना

८. सरल र बोधगम्य शैली

### २.३.१ रचनाकार अज्ञात

हुन त सम्पूर्ण लोकसाहित्यकै रचनाकार अज्ञात रहन्छ । कुन व्यक्तिले कति वेला लोककथा भनिएको हो, त्यसको समय, स्थान केही पनि जानकारी हुँदैन तर लोककथा भने समाजमा झाङिगदै बढेको हुन्छ । लोककथा लोकलाई कल्याण गर्ने भावनाको मौखिक परम्परामा अगाडि बढेको विधा अनेकौ रूपमा देश, काल र परिस्थिति अनुरूप परिवर्तन हुँदै एकबाट अर्कोमा सर्दै जाँदा रचनाकार अज्ञात भएको हो । पुस्तौनी साझा सम्पत्तिको रूपमा एकको गला अर्कोको गलामा विस्तारित हुँदा कलामा भएको परिवर्तनले आदिम युगदेखि आधुनिक युगसम्म घटना प्रति घटनाहरूलाई अज्ञात रूपमै रहेको पात्रले समाजमा विस्तारित गरेकोले रचनाकार अज्ञात रहनु यसको विशेषता हो ।

### २.३.२ लोकरञ्जकता

लोककथालाई रचना गर्दा लोककथाकारले विशेषरूपमा मनोरञ्जनलाई ध्यान दिएको पाइन्छ । लोककथाकारले समाजलाई आकर्षण गर्न अनेक अलौकिक र अद्भुत मानवीय घटनाको तारतम्य गरेको पाइन्छ । सुनकेसरी रानी, मनचिन्ते झोला, वायुपंखी घोडा आदि यसका उदाहरणहरू हुन । समाजमा रहेका बालक, युवा युवती तथा प्रौढहरूलाई पनि कथाबाट मनोरञ्जन प्रदान गर्ने कार्य गरेको छ । बुढापाकाहरूलाई आनन्द दिन 'दुई टुहुरा टुहुरी' [५] जस्ता लोककथा रहेका छन् । त्यसैगरी अनेकौ धार्मिक कथाहरू छन् । गोर्खेलोरी राजकुमार दिम्कपालजस्ता बालकथा

---

५ तुलसी दिवस- **नेपाली लोककथा केही अध्ययन** (काठमाडौंः नेपाल एकेडेमी, २०३३) पृष्ठ -११५ ।

र युवायुवतीलाई प्रेमको सागरमा मथ्ने मधुमालतीको कथाले लोकरञ्जकको सिर्जना गर्नु पनि लोककथाको विशेषता हो ।

### २.३.३ अश्लील सृंगारको अभाव

लोककथाको श्रृङगार दुःखद विछोड पूर्ण होला तर अश्लीलता प्रत्यक्षरूपमा देखा पर्दैन । आधुनिक कथामा झैं कामुकताको भावना नाङगो भएर लोककथामा चरित्र देखा पर्दैन बरु प्रेमको उच्चो र उदत भावना आदर्श स्वरूपको वर्णन, एकले अर्काका लागि दिएको बलिदानी जस्ता सुख दुःखका चक्रहरू मात्र लोककथामा रहन्छन् । आत्मिक प्रेमलाई जीवन्त राख्न झेल्नु परेको अनेकौ कष्टहरू देखाइएको हुन्छ । राजकुमार राजकुमारी हुन या स्वर्गका अप्सरादेखि राक्षससम्मका पात्रमा प्रेम र शिष्ट श्रृंगारको भावना देखिन्छ । मधुमालतीको कथा, सुनकेसरा रानीको कथा, प्रेममा अश्लीलता विहीन कथा हुन् । बिहे गर्ने इच्छा, के खोज्छस कानु आँखा र सुभद्रा जस्ता नेपाली लोककथामा [६] पनि कामबासना र सौन्दर्यमा काम भावना नभएका लोककथाहरू हुन । यसरी लोककथामा अश्लीलता भएको श्रृङ्गार अभाव देखिनु अर्को विशेषता हो ।

### २.३.४ मानवीयमूल प्रवृत्तिको उद्बोधन

मानव समाजको उत्पत्ति पछि लोककथाको उत्पत्ति भएको हो । मानिसका स्वभावहरूको उद्घाटन गर्नु पनि लोककथाको अर्को विशेषता हो । मानिसभित्र भएका सुख दुःख, काम, क्रोध, लोभ मोह मद लालसा र एषणाले नै विभिन्न प्रवृतिको घटनाहरू घट्दछन्, त्यसैले आधारमा कथाको संरचना भइ मानवीय प्रवृत्तिका उद्घाटन कथाले गर्दछन् । धेरै लोककथामा यही जीवन्त प्रवृत्ति देखा पर्दछन् । लोभी र कञ्जुस, अन्धो र लङ्गडो , सौतेनी आमा र तेजकुमारीजस्ता लोककथाहरूमा मानवीय मूल्यको मार्मिक रूपमा रहस्योद्घाटन गरिएको पाइन्छ । [७]

---

६ तुलसी दिवस- **नेपाली लोककथा केही अध्ययन** पूर्ववत पृष्ठ -२२/२३

७ तुलसी दिवस- **नेपाली लोककथा केही अध्ययन** ऐजन पृष्ठ -१२२/१२३/१४६/१४७

### २.३.५ जादु, टुना, रहस्य, रोमाञ्च र अलौकिक तत्त्वको प्रधान्यता

लोककथाको खास विशेषता भनेकै जादु, टुना, रहस्य रोमाञ्चत तथा अलौकिकता नै हुन् । जनमानसलाई आश्चर्यचकित घटना र पात्रको माध्यमबाट खुल्दुली मच्चाउने, छक्क पार्ने तथा मनोरन्जमा पूर्णता दिने गर्दछ । खास गरेर राक्षस, बोक्सी अप्सरा जस्ता पात्रहरूले अद्भुत र अलौकिक घटनामा सफलता पाएको देखाउनु पनि लोककथाको विशेषता हो । नेपाली लोककथा साहित्यमा 'खिरपाक ताउली' सुन बड्कौली बाखो, भूतको जगल्टाजस्ता कथाहरू अलौकिक प्रकारका छन् भने जादु र टुनाले भरिएका कथाहरू पनि प्रशस्त देखा पर्दछन् ।

### २.३.६ सुखान्त संयोगमा कथाको अन्त्य

लोककथमा दुःखको झलक नै नहुने भने होइन, कथाभित्र जति पनि दुःख र बाधा अड्चन आउँछन, ती केवल क्षणिक हुन्छन् । प्रेमी र प्रेमिकाहरु बीचमा खलपात्रले समयले जे जति दुःखको सृजना गरेको भए तापनि अन्त्यतः कथाले वियोग र विपत्तिको भन्दा संयोग र मिलनको अवस्थालाई सृजना गरेको देखिन्छ । दुःख र सुखलाई जीवन भोगाइका क्रममा देखापर्ने घामछायाको रूपमा देखाउनु र अन्त्यमा सुखान्त संयोगले आत्मा आल्हादित गराउनु नै लोककथाको विशेषता रहेको पाइन्छ ।

### २.३.७ उत्सुकताको भावना

जब कथा वाचक कथावाचनका लागि तयार हुन्छन् त्यसै समयदेखि श्रोताहरूमा एक प्रकारको कौतुहलताको आगमन हुने गर्दछ । उत्सुकता विहीन साहित्य साहित्य नै हुँदैन, विना नूनको जसरी तरकारी बन्दैन त्यसै गरी उत्सुकता विनाको लोककथा नै रहँदैन । लोककथामा धेरै कौतुहलतापूर्ण टिप्पणीहरू हुने भएकाले सुन्नेले कथाको अन्त्यसम्ममा पनि त्यसपछि के भयो होला ? यस्ता घटना कसरी हुन्छन् ? जस्ता जिज्ञासा रहने भएकोले लोककथाको महत्त्वपूर्ण विशेषतामा उत्सुकताको भावना पर्दछ ।

### २.३.८ सरल र बोधगम्य शैली

अति ग्रामीण र अशिक्षित समाजमा कार्यव्यापार हुने भाषा अवस्था पनि सरल हुन्छ । सरलता नै बोधका लागि सम्भव हुन्छ । सरल वाक्य संरचना र कथाको शुरू

एकादेशमा ...एउटा गाउँमा....यस्तैबाट भएर अन्त्यमा सुन्नेलाई सुनको माला भन्नेलाइ फूलको ... जस्ता उक्तिले पनि यसको सरलताको पुष्टि गर्दछ ।

लोककथाहरू अवाध गतिले प्रवाहमा सरिता समान हुन्छन् जसमा अवगाहन गरेर जनमानसले आनन्द प्राप्त गर्दछ अनि त्यहाँको काल निर्मल तथा शीतल हुनाले जल प्यूँनेलाई संजिवनी शक्ति प्राप्त गर्दछ । [८]

नेपाली लोकजीवनका गद्यात्मक र कतै कतै पद्य मिश्रित भए पनि अति छोटा र सरल संरचनाका कारण पाठक वा श्रोतालाई बोधगम्य र सरल रूपमा लोककथाको प्यासलाई रसास्वादन गर्न सक्नु यसको विशेषता हो ।

यसरी हेर्दा लोककथामा भएका मोटामोटी विशेषताहरू संक्षिप्त रूपमा चर्चा गरियो । लोककथाका विशेषता व्यक्ति, स्थान, समाज र समय, अनुरूप परिवर्तन भइरहनु र फरक फरक हुन पनि लोककथाको अर्को विशेषता हो ।

## २.४ लोककथाका तत्त्वहरू

नेपाली लोकसाहित्यको गलागलामा रसाउँदै रङ्गरञ्जित भएर रसस्वादन गर्न सकिने लोककथा लोकसाहित्यको लोकगीत पछि सर्वाधिक प्रिय विधा हो । सहजरूपमा कथाभित्रका घटना उपघटनाहरू कथयिता भन्दै जान्छ र श्रोताहरू कथयिताको कथन प्रति लीन हुँदै अपूर्वको आनन्दको अनुभव गर्दै सुन्दै जान्छन् । यही कथनमा उत्सुकता, श्रवणमा तन्मयता, सिर्जना गर्ने केही कारकहरू कथा भित्र रहेका हुन्छन् । तिनीहरूलाई नै लोककथाका तत्त्वहरूका रूपमा लिन सकिन्छ । लोककथाका प्रमुख तत्त्वहरू निम्न प्रकारका रहेकोमा विद्वान्हरू सहमत छन् ।

१. कथावस्तु वा कथानक
२. पात्रविधान वा चरित्र
३. देशकाल, परिस्थिति वा परिवेश
४. संवाद

---

८ डा.कृष्णदेव उपाध्याय- (लोकसाहित्यकी भूमिका....?(छैठौं सं १९९५)पृष्ठ -१३६ ।

५. उद्देश्य

६. भाषाशैली

### २.४.१ कथावस्तु

कथावस्तु लोककथाको प्रमुख तत्त्व हो । लोककथा गद्याख्यानको विधा भएको हुँदा यसको उपस्थिति विना कथाको सृजना नै हुनसक्दैन जसरी मेरुदण्ड विना मानिस उभिन सक्दैन र यसको स्वरूप नै हुँदैन त्यसैगरी कथावस्तु विना कथाको सृजना नै संभव छैन । लौकिक हुन वा अलौकिक सिङ्गो विश्व ब्रहमाण्ड वा खगोलीय अतिशयोक्तिपूर्ण कल्पना भए पनि त्यसभित्र कथानकको उत्पत्ति भएको हुन्छ । कुनै विषय हुन्छ । सन्देश हुन्छ र भावनाको प्रगाढता पाइन्छ ।

जुनसुकै विषय भए पनि लोककथामा संभाव्य भन्दा असम्भाव्य काल्पनिक विषयवस्तुले प्रमुख स्थान पाएको हुन्छ ।

विषयगत दृष्टिले हेर्दा लोककथामा प्रेमालापका विविध सन्दर्भहरू, मंगलकामना, जीवनका सुख दुःखका सन्दर्भहरू, वीरता शूरताका सन्दर्भहरू, रहस्य र रोमाञ्चकका सन्दर्भहरू यसका विषयवस्तु बनेर आएका हुन्छन् । यी विषयवस्तुलाई कथा वाचकले जुन रूपमा ग्रहण गरेको छ । त्यही रूपमा जस्ताको त्यस्तै प्रस्तुति नगरी विभिन्न घटना तथा सन्दर्भहरू जोडेर कलात्मक कल्पनाके आडमा सुन्दर र आकर्षक रूपमा प्रस्तुत गरिएको हुन्छ । विषयवस्तुलाई अगाडि बढाउन विभिन्न पात्र, चरित्र, परिवेश जस्ता कथा तत्त्वहरूले कथावस्तुलाई जीवन्त बनाएका हुन्छ ।

### २.४.२ पात्र वा चरित्र

पात्र वा चरित्र लोककथाको दोस्रो महत्त्वपूर्ण तत्त्व हो । लोककथामा आउने कथावस्तु पात्र र तिनका कार्यव्यापारबाट अगाडि बढ्ने हुनाले जति मात्रामा कथाको स्थूलता र व्यापकता छ त्यति नै पात्रहरू आउन सक्छन्, लोककथा कल्पनाप्रधान नभएर काल्पनिक संसारबाट छानिएका हुन्छन् । यसमा उपयुक्त हुने पात्रहरू मानवीय, मानवेतर र निर्जीव वस्तु पनि हुन सक्छन । मानवीय चरित्रमा राजामहाराजादेखि लिएर गरिब, टुहुरा र अनाथसम्म पर्दछन् । मानवेतर पात्रहरूमा जनावरहरू पर्दछन् ।

निर्जीव पात्रमा समुद्र सूर्य तारा, पहाड, बादल आदि पर्दछन् । साथै देवदेवी अद्भुत शक्ति भएका पात्रहरू रोजिएका हुन्छन् ।

यसरी देखापर्ने अनेकौ पात्रहरू लौकिक हुन वा अलौकिक जसको कार्य व्यापार वास्तविकताभन्दा धेरै टाढा रहेको देखाइन्छ । पात्रका क्रियाकलपाहरू अस्तित्व र संभावना भन्दा धेरै पर हुन्छन् । चारित्रिक विकासको अवसर नै दिइँदैन । जे होस् अद्वितीय सहास र मानवीय व्यवहारभन्दा परको कार्य गरे पनि पात्रले गरेका क्रियाकलापले श्रोताहरू दङ्ग, छक्क र लट्ठ पर्नु पात्रगत विशेषता हुन्छ ।

### २.४.३ परिवेश

लोककथमा देखापर्ने तेस्रो महत्त्वपूर्ण तत्त्व हो, परिवेश जसलाई देशकाल, परिस्थिति वा वातावरण पनि भनी संबोधन गरिन्छ । लोककथामा गाउँ, सहर, झुप्रा देखि राजमहल, जङ्गल, गुफा, आकाश, पाताल, स्वर्ग आदि स्थान विशेषलाई प्रयोगमा ल्याइएको हुन्छ । लोककथालाई दुरुस्तर यथार्थ पनि कथयिताले घटनाक्रमलाई उचित परिवेशमा पुऱ्याउन वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । परिवेशले कथा वस्तु र पात्रलाई डोऱ्याउने गोरेटोको रूपमा काम गर्दछ । लोककथा सुनौं सुनौं लाग्ने र कौतुहलता प्रदान गर्ने तत्त्व परिवेश हो । प्रायजसो लोककथाहरू अलौकिक परिवेशमा सिर्जना भएका हुन्छन् । अलौकिक परिवेश भनेको मानवको नियन्त्रणभन्दा परको अवस्था हो भने लौकिक भनेको मानवीय समाज र व्यवहारसँग सहमत परिवेश हो । प्राय जस्तो लोककथामा अलौकिक परिवेश समावेश गरिएको पाइन्छ ।

### २.४.४ उद्देश्य

उद्देश्य लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । नेपाली समाजमा यसले लामो समयदेखि जरा गाड्दै आउनु र सधैँ सबैलाई उत्तिकै प्यारो लाग्नुको मूलकारण यसबाट प्राप्त हुने मनोरञ्जन हो । तसर्थ लोककथा मूलतः मनोरञ्जनको उद्देश्यले वाचन, श्रवण गरिन्छ । यसका अतिरिक्त लोककथाको उद्देश्य धार्मिक, नैतिक, सामाजिक वा उपदेशात्मक सन्देश प्रदान गरी समाजका रीतिलाई सुधार गर्ने पनि

हुन्छ । मूलतः लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै हो कतिपय समयमा उपदेश र नीतिका कुरा दिनु पनि हुने गर्दछ ।

### २.४.५ संवाद

लोककथाको अर्को तत्त्व संवाद पनि हो तर यस तत्त्वलाई गौणरूपमा स्वीकार गर्नु उपउुक्त हुन्छ । संवाद लोककथामा ज्यादै शिथिलरूपमा आएको हुन्छ । यसमा प्रयुक्त कथावस्तु र त्यससँग सम्बन्धित पात्रहरूलाई कथायिताले नै बढी मात्रामा व्यक्त गर्ने हुनाले संवाद थोरै मात्र देखिन्छ । लोककथामा प्रयुक्त संवादको महत्त्वपूर्ण विशेषता के हो भने यसका हरेक मानवेतर प्राणी वा निर्जीव पात्र पनि मानिसझैँ संवाद गर्न सक्षम देखिन्छन् । असंभव र अयथार्य कार्य व्यापार भएको देखिए पनि पाठकले श्रोतालाई मन्त्र मुग्ध पार्न यस प्रकारको संवाद प्रयोगमा ल्याइन्छ ।

### २.४.६ भाषाशैली

भाषा शैली लोककथाको महत्त्वपूर्ण तत्त्व हो । भाषा जति सरल र बोध गम्य हुन्छ, त्यसले लोककथामा महत्त्वपूर्ण स्थान ओगटछ । शैलीलाई भाषाको शृङ्गार भनिन्छ । हुन त लोककथाका पाठक र श्रोताहरू शिक्षाको अवसर भन्दा अलिपर नै रहने हुँदा आफ्नापनका स्थानीय शब्दको प्रयोग र कथ्य रूपमा पनि फरक लबज देखा पर्दछ तर पनि बूढाबूढी, केटाकेटी तथा समाजका सबै वर्गले त्यसको सम्प्रेषण बोध गरी लोककथाबाट रमाउने गर्दछन् । लोककथाको भाषाशैली अत्यन्त सरल, सहज, सम्प्रेष्य आदि मध्य र अन्त्यको अन्बिति भएको हुँदा सहज हुन्छ । लोकभाषा कर्णप्रिय र रोचक शैलीमा प्रस्तुत गरिने हुँदा यो लोककथाको एक अभिन्न अङ्गका रूपमा देखा पर्ने तत्त्व हो ।

### २.४.७. निष्कर्ष

यिनै तत्त्वहरू को संयोजनद्वारा लोककथा निर्मित हुन्छ पछिल्लो अध्यायमा यिनै तत्त्वहरूलाई मानक बनाएर सङ्कलित लोककथाहरूको विश्लेषण गरिएको छ ।

## २.५ लोककथाको अध्ययन परम्परा

लोककथा र गद्याख्यानात्मक एक महत्त्वपूर्ण विधा हो । जसको उत्पत्ति र अध्ययन पनि धेरै पुरानो रूपमा विकास हुँदै अगाडि बढेको विधा हो । पूर्वीय

साहित्यमा वेद, पुराण र उपनिषद्मा पनि लोककथा रहेका थिए, त्यसपछि संस्कृत भाषामा धेरै लोककथा विकसित भए, त्यसै गरी पश्चिममा पनि धेरै मिथककथा र अन्य कथाहरू विकासको क्रममा अगाडि आएका छन् । यी दुवै साहित्यको विकासमा लोककथा विधाको अध्ययन पद्धति पनि महत्त्वपूर्ण रूपमा रहेको देखिन्छ ।

पूर्वीय साहित्यको विकास हिन्दू धर्मको विकास सँ-सँगै भएको हो, जसले गर्दा संस्कृत साहित्यको सबै भन्दा पुराना ग्रन्थहरू वेद, पुराण, उपनिषद, ब्राहमाणपुराण आदिमा लोककथाहरू हुनुले लोककथाको अध्ययन परम्परा हजारौं वर्ष पुरानो भएको देखिन्छ । वैदिक साहित्यमा शुनः शेपका कथा, अपाला र आभेयीका कथा, च्ववन, भाविक र सुकन्याका कथा, पुरुखा र उर्वशीकाकथा छन् । [९]

पश्चिमा साहित्यमा पनि धेरै पुरानो रहेको लोककथा अध्ययन र खोजपरम्परा धेरै अगाडिदेखि भएको देखिन्छ । लोककथाको व्यवस्थित रूपमा संकलन गर्ने कार्य जर्मनीका ग्रिम दाजु भाइले गरे । ज्याकोव ग्रिम र विल्हेल्म ग्रिम नामका यी दुई भाइले बालक र परिवारका जर्मन लोककथाहरूको संकलन गरी पहिलो भाग सन् १८१२ मा र दोस्रो भाग सन् १८१५ मा प्रकाशित गराए । यिनीहरूले लोककथाको वैज्ञानिकरूपमा संकलन गरेका थिए । [१०]

यसरी पूर्वीय साहित्यमा र पश्चिमा साहित्यमा पनि ठूलो योगदान पुऱ्याउन सफल लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधाको रूपमा विकसित हुँदै हालको अवस्था सम्म आएको हो ।

नेपाली लोकसाहित्यको अध्ययनपरम्परालाई हेर्ने हो भने लोककथाको अध्ययन परम्परा नेपाली भाषाको उत्पत्तिसँगै अस्तित्वमा अगाडि आएको देखिन्छ । भाषाविदहरूले नेपाली भाषाको लेख्य परम्परा विक्रमको १२ औं शताब्दीलाई लिएका छन् । लोक साहित्यत त्योभन्दा पनि जेठो -विधा भएकाले यसको विकास र विस्तार वि.स. को १२ औं शताब्दीभन्दा पहिले नै भएको हो भन्न सकिन्छ । हिन्दु र बौद्ध धर्म

---

९ चूडामणि बन्धु-नेपाली लोकसाहित्य (काठमाडौं: एकता प्रकाशन २०५८) पृ. २९३ ।

१० ऐजन पृ. ४०

परम्पराको विकाससँगै नेपाली लोककथा पनि विभिन्न जाति जनजातिहरूमा झाङ्गिदै र फैलदै अगाडि बढेको हो ।

नेपाली भाषामा प्रचलित कथाहरू ऐटनले वि.स. १८७७ मा लेखेको व्याकरण पनि हो त्यसमा 'मुन्सीका तीन आहान' पनि प्रकाशित छ । त्यसैगरी बहत्र सुगाको कथा (१८८०) लालहीराको कथा (१८८८) वीरसिक्का (१८४६) बेतालपच्चिसी (१९५२) प्रल्हाद भक्तिकथा (१९४८) तोता मैनाको कथा (१९८४) बीरबल कौतुक (१९८२) तथा मधुमालतीका कथा (१९९६) आदि आख्यान कृतिको प्रकाशन भए पछि लोककथाले अझै विकसित हुँदै अगाडि जाने अवसर पायो ।

तर नेपाली समाजमा नै भिजेका र त्यही लोकव्यवहारमा हुर्किएका कथाको अध्ययन भने बीसौ शताब्दीको अन्तिम दशकमा भएको हो । बोधविक्रम अधिकारीले संकलन गरी सम्पादन गरेका नेपाली दन्त्यकथा (१९९६) नै आजसम्मको एउटा प्रसिद्ध संकलन हो, । जो नेपालको प्रवेशीकाका विद्यार्थीहरू का लागि पाठ्यपुस्तकको रूपमा लामो समयसम्म रह्यो ।

त्यसपछि वि.स. १९९९ मा नेपाली भाषा प्रकाशिती समितिले लकोकथा संकलन गरी पठाउन जि.शि. कालाई सूचना पठायो । संस्थागत रूपमा लोककथाको संकलन गर्ने यो पहिलो प्रयास हो ।

त्यसपछिको समयमा नेपाली लोककथामा अध्ययन र संकलनको प्रयास झन तीव्र गतिले अगाडि बढ्दै गयो । जसको फलस्वरूप वि.स. (२००३) मा १६ वटा दन्त्यकथा संकलित छन । उनकै वि.स. २००८ मा प्रकाशित ऐतिहासिक कथा संग्रहमा चाड पर्व सम्बन्धी २० कथा रहनुले लोककथाको ऐतिहासिक घेराहरू बलियो रूपमा उभिएको देखियो ।

वि.सं. २००५ मा सुवर्ण शमशेर ज.व.रा को 'दन्त्यकथा' काजिमान कन्दङवाको आठ कथा (२०१०) आदिले लोककथाको संकलन र अध्ययनमा अझै जोड दिएको पाइन्छ ।

यसै गरी वि.सं. २०११ सालमा इमान सिहं चेमजोङको 'किराँती दन्तकथा' पासाङ गोपर्माको 'बुहारी' (२०२४) ले किराँत लोककथा र पूर्वी नेपालका लोककथाको अध्ययन र संकलन गरेको पाइन्छ ।

यस पछि कर्णली लोकसंस्कृति खण्ड ५ (२०२८) मा प्रदीप रिमालले बालकथा लगायत १० कथा संकल्न गर्नु र हाम्रो संस्कृति पत्रिकाले लोककथा पहिलो (२०२७) दोस्रो र तेस्रो (२०२८) माला प्रकाशित गर्दै अगाडि बढनुले झन लोककथा अगाडि बढदै गयो ।

वि.सं. (२०३२) मा तुलसी दिवसको नेपाली लोककथा मा १३२ वटा लोककथा संकलित हुनुले यो क्षेत्र झनै धनी बन्दै विद्यावारिधिका लागिसम्म यो विषयले प्रमुख प्राथमिकता पाइ अगाडि बढेकाले हाल लोककथा संकलन र अध्ययन परम्परा ज्यादै उच्चो रूपमा अगाडि बढेको पाइन्छ । तुलसी दिवसकै वि.स. (२०३२) सालमा लोककथाबारे चर्चा गर्दै १० प्रकारको वर्गीकरण नेपाली लोककथाः एक चर्चा ( २०३३)मा लोककथा सम्बन्धी लेखहरू प्रकाशित छन् ।

विजय चालिसकेको डोटेली लोकसंस्कृति र साहित्य (२०३९) धर्मराज थापा र हसंपुरे सुवेदीद्वारा संयुक्तरूपमा लेखिएको नेपाली लोकसाहित्यको विवेचना (२०४१) जापानी नेपाली साहित्यविदहरू हितो नोजु नेपाली दन्त्यकथा संग्रहरू (२०४५) मा जापानीमा ५ कथा अनुवाद गरिएको छ ।

श्री शिवकुमार श्रेष्ठ (२०४७) ले किराँती लोककथाहरूमा ३९ कथाहरू संकलन गरेका छन । त्यसैगरी वि.स.(२०५१) सालमा शिवकुमार श्रेष्ठ ३५ कथा संकलित छन् । मोतीलाल पुराजुलीले वि.स.(२०५५)मा नेपाली लोककथाका अभिप्रायको अध्ययनमा विद्यावरिधि गरेका छन ।

यसैगरी हाल यसै विषय अर्न्तगत शोधकार्य गर्ने र विद्यावारिधि गर्ने क्रम बढदै गएकोले भविष्यामा लोककाथा साहित्यको विकास र नयाँ नयाँ सिद्धान्त र अध्ययन पद्दतिको विकासले नेपाली लोककथाको क्षेत्रमा अझै योगदान पुग्नेछ ।

## २.६ निष्कर्ष

यस अध्ययन कार्यको दोस्रो अध्याय अन्र्तगत लोककथाको परिचय र परिभाषा देखि लिएर क्रमशः लोककथाको उत्पत्ति, लोककथाका विशेषता, लोककथाका तत्त्वहरू र नेपाली लोककथाको अध्ययन परमपरा रहेका छन् ।

प्रत्येक उपखण्डको सविस्तार व्याख्या र विश्लेषण सिद्धान्तको खोजी र परिचय का साथै परिभाषालाई पनि दिइएको छ । लोककथाको उत्पत्तिमा पर्ने प्रमुखबादहरू र तिनीहरूको विवेचना गरिएको छ । लोककथाको विश्वव्यापी मान्यता अनुरूप लोककथाका विशेषतालाई व्याख्या गरिएको छ । लोककथाभित्र समावेश हुने प्रमुख तत्त्वहरूको विश्लेषण गरिएको छ । प्रत्येक शीर्षकको अन्त्यमा दिइएको निष्कर्षले त्यसको अध्ययनमा गरिएको सार खिचिएको छ, लोककथाको अध्ययन परम्परालाई सकेसम्म चुस्त र दुरुस्त हुनेगरी अध्ययन कार्य र शोध अनुसन्धानलाई देखाउने प्रयास गरिएकोले यस अध्ययनको कार्यबाट थप अनुसन्धान र खोजमा टेवा पुग्नेछ ।

# अध्याय – तीन

# सङ्कलित लोककथाको स्थापन तथा कथातत्त्वका आधारमा लोककथाको विश्लेषण

## ३.१ 'छट्टूको संसार'

एकादेशमा एउटा सानो गाउँ थियो । त्यस गाउँका मानिसहरू धेरै पढेलेखेका थिएनन् । त्यसगाउँमा राकेश नाम गरेको केटो आफ्नी आमासँग बस्ने गर्थ्यो । ऊ धेरै गफाडी र छट्टू स्वभावको थियो । ऊ भन्ने गर्थ्यो- 'घरमा पालिएको घोडाले दिसागर्दा त्यसमा पैसा पनि आउँने गर्छ ।' त्यसै पैसाले घरखर्चको बन्दोबस्त भएको छ । उसको यो गफाडी बानीले धेरै गोठालाहरू घोडाले दिसामा पैसा दिएको हेर्न आए उसले तबेलामा बेलुका नै पैसा छरेको हुँदा घोडाको लितिबाट चाँदीका पैसा टिप्न थाल्यो । गाउँले सोझो र इमान्दार भएकाले उसको चलाख्याइ थाहा पाउन सकेनन् । यो कुरा चारै तिरका गाउँहरूमा फैलियो ।

एक दिनको कुरा हो, राकेशका घरमा उसका मामा आउनु भयो । आमासँग राकेशले भएभरका चाँदीका पैसा माग्यो । घोडाको तबेलामा छर्‍यो । एकाबिहानै मामा पनि भान्जाको पैसा दिने घोडा हेर्न तबेलामा पुगे । त्यसबेला ऊ धमाधम चाँदीको पैसाहरू बटुल्दै थियो । यो काम देखेर मामा आश्चर्य चकित भए । भान्जाले गफ अगाडि बढायो । 'हेर्नुहोस मामा ! यो घोडा हाम्रो भाग्य हो । यसले दिनमा सरदर पाँच सय बराबरको चाँदीका सिक्का दिने गर्छ' राकेशका मामा लालची भएकाले उसका कुरामा छिट्टै बिस्वास गरेर भान्जासँग यो घोडा आफूलाई दिन अनुरोध गरे । राकेशले पनि चलाखी गर्दै भन्यो मामा हजूरले भनि हाल्नु भो, हार्न सकिएन । लौ! लानु नै हुन्छ भने पाँचलाख दिएर मात्र लैजानुहोस । राकेशमा मामाले पाँचलाख तिर्न मञ्जुर गरे । भोलिपल्ट विहान मामा खुसी हुँदै मामाघर तर्फ लागे ।

राकेशको मामाघरको गाउँभरी पैसा दिने घोडा ल्याएको हल्ला फैलियो । मामाले पनि घोडाको बयान चलाए । भोलिपल्ट बिहान राकेशका मामा र केही गाउँले घोडाको तबेलामा पुगे । मामाले लितीलाई खोस्री खोस्री चलाए । त्यहाँ त कतै पनि

पैसा देखिएन् । भान्जाको खराबकाम देखि मामालाई रिस् उठ्यो । दुईजना गाउँले साथ लिएर उनी भान्जाको घरतर्फ लागे ।

बिहानै मामा आफ्नो घरतिर आएको देखेर राकेशले आमालाई भन्यो- 'आमा मलाई बचाउँनुहोस ! मामा रिसाएर यतै आउँदैहुनुहुन्छ । मलाई मामाको रिसबाट जोगाउन तपाईले मरेको अभिनय गरिदिनुपर्छ । पछि म तपाईलाई बचाउँन नाकको प्वालमा धैंसो हालिदिन्छु अनि तपाई हाछ्यू गर्दै उठ्नुपर्छ' । आमाले पनि छोरालाई मामाको लाटो रिसबाट बचाउँन मरेको अभिनय गरिदिइन् । राकेश डाँको छाडेर रुन थाल्यो ।

मामा आँगनमा आइपुगेकोदेखि राकेश झन चिच्याउँदै रुन लाग्यो । मामाले पनि आफ्नी दिदी आँगनमा लम्पसार परेको देखि उनको मृत्यु भएको अनुमान लगाए, आफ्नो सारा रिस बिर्सेर भान्जालाई भने नरोऊ ! दैबको खटनकस्ले पो टार्न सक्छ र ! राकेश रुदै रुदै भित्र पस्यो र आफ्नो योजना अनुसार धैंसो ल्याएर आमाको नाकमा हाल्यो, आमा मृत्यूको मुखैबाट फर्किए झैँ गरी हाछ्यू गर्दै विउँझिइन् । यो देखेर राकेशका मामा र उनका साथी तीनछक परे । मामा र उनको साथीले राकेशलाई स्यावासी दिए । यो मृत्युको औषधी बताइदिएमा घोडाको पैसा फिर्ता गर्नु नपर्ने कुरा ले बताए । राकेशले पनि अरुलाई यस्तो औषधी नदिने आफ्नै मामाभएकाले दिएको भन्दै एक मुटी धैंसो ल्यायो र मामाका हातमा हाली दियो । सबैले धैंसो बाँडेर घरतर्फ लागे ।

घरमा घोडाको पैसा नल्याएको निहुँमा मामा र माइजु बीचमा भनाभन भयो । राकेश बदमास भएकोले सजाय दिएर घोडा फिर्ता गर्नुपर्ने सर्त माइजुको थियो । विवाद बढ्दै गयो । मामाले रिसले आँखै देखेनन् । माइजुलाई बेस्सरी पिटेछन् । उनी बेहोस् भइन् र केही क्षण पछि मरिछन् । मृत्युको औषधी गर्दा पनि उनी नबाँचेपछि राकेशका मामा भान्जालाई भिरबाट लडाएर मार्नेछु भन्दै दुई साथी लिएर राकेशको घरैमा आए । मामालाई देखेर राकेशले आफूलाई फेरि कुनै उपायले बचाउँनु पर्छ भन्ने लागि रहेको थियो तर मामा अहिले एक शब्द पनि नबोली राकेशको कपडा खोल्न लागे उसलाई नाङ्गोपारी ठूलो धोक्रामा बन्दी बनाए । भोक र प्यासले थाकेका मामा र

साथीले उसलाई बाटोमा राखी पसलमा खाजा खान गए । राकेश धोक्रौ भित्रबाट भन्दै थियो -'बाजे बराजु सब देखिन्छ । मरेका सबै पूर्खा भेटिन्छन् अब! यो धोक्रो भित्रबाट आएको आबाज एउटा घोडामा सबार भएको लाहुरेले सुन्यो । उसलाई पनि आफ्ना पूर्खा देख्ने रहर जाग्यो । लाहुरेले भन्यो - ए दाइ ! के तिमीले भनेको सत्य हो ? सत्य भए म पनि हेर्न चाहान्छु । यो कसरी संभव छ ।' राकेशले सत्य, असत्य सबै यही छ । यदि पूर्खा देख्न चहान्छौ भने आफ्नो भए भरको लुगा फुकालेर मलाई धोक्रोबाट निकाल अनि उपाय पनि बताउँला । लाहुरेले आफ्ना बहुमूल्य गहनासहित लुगा खोलेर तयार भइ धोक्रोको मुख खोल्यो । राकेश बाहिर निस्क्यो र भन्यो-' भाइ यस धोक्रोमा एक घण्टा चुप लागेर बस ! सबै पितापूर्खा देख्नेछौ । ! लाहुरेले सबै स्वीकार गऱ्यो । राकेश घोडा-चढेर प्रहरी चौकी तर्फ लाग्यो । प्रहरी चौकीबाट मामालाई पक्डाउन प्रहरी लिएर भान्जा घोडामा सवारी भएको देखेर मामा छक्क पऱ्यो । आफूले लडाएको मान्छे कसरी यहाँ आयो, उसले बुझ्न सकेन । भूत आयो भन्ने त्रास उसमा पैदा हुन लाग्दा ऊ चिच्यायौ- भूत ! भूत !! भान्जाले भन्यो-मामा योत वर्तमान ! हिडनुहोस चौकीतर्फ  गल्तिको सजाय भोग्न ।' प्रहरीले मामालाई चौकीतिर लगे/राकेश आफ्नो छट्टु स्वभाव र चलाख्याँइले बाचिँरह्यो ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला

भन्ने बेला मुखमा आइदेला ।

### ३.१.१ **विवेचना**

#### ३.१.१.१ **कथावस्तु**

प्रस्तुतकथा सामाजिक कथाका रुपमा रहेको छ । छट्टूको संसार कथामा एउटा सानो गाँउमा घटेका घटनाक्रमहरूलाई भान्जा, मामा, गाँउले र लाहुरे तथा प्रहरी जस्ता पात्रहरूले अगाडि बढाएका छन् । जाहाँ एउटा घोडा रहेको हुन्छ, त्यस घोडालाई वेचेर पैसा कमाउने छटटू भान्जा र खरीद गर्ने मामा बीचमा बढेको

अन्तर्द्वन्द्वले गर्दा सम्पूर्ण घटनाक्रम घटने गर्दछन् । लौकिक र मानवीय व्यवहारको प्रयोग गरे पनि प्रचुरमात्रामा काल्पनिकताको प्रयोग देखिन्छ । विश्वासै गर्न नसकिने घोडाले पैसा लितिमा दिने मानिस भिरमा गुडाउन लैजानु, लाहुरेले स्वर्ग देख्ने इच्छा गर्नु, जस्ता अलौकिक प्रसंग पनि समावेश छन् । अन्त्यः भान्जाले मामालाई जेल पारेर आफ्नो संसारको निमार्ण गर्नु नै छटटूको संसार कथाको कथावस्तु हो ।

### ३.१.१.२ पात्र वा चरित्र

यस छटटूको संसार कथाका प्रमुख पात्र राकेश भान्जा हो भने अन्य पात्रहरूमा मामा, आमा, गाउँले, लाहुरे, घोडा र प्रहरी जस्ता पात्रहरूले यस कथालाई अगाडि बढाएको देखिन्छ । जसरी भए पनि आफ्नो पक्षमा कामको सफलता प्राप्त गर्ने राकेश अन्तिम अवस्थामा मामाबाट पाउने सजायबाट पनि बँच्नु र मामालाई सजायको भागेदार बनाउनले कथामा रहेको पात्र राकेश प्रत्यक्षरूपमा सफल भएको देखिन्छ बदलालिन खोज्नु मामा आफैँ फन्दामा पर्नुले राकेश पात्र को संसार उज्यालो र मामाको अन्धकार रहेको छ ।

### ३.१.१.३ परिवेश

छट्टुको संसार कथा झट्ट हेर्दा लौकिक परिवेशको देखिए तापनि कार्य व्यापारको क्रममा लोककथामा समावेश हुने अलौकिक कार्यव्यपार भएको पाइन्छ ।

ग्रामीण परिवेशमा संरचित यस कथामा गाँउ, जङ्गल, तबेला, प्रहरी चौकी आदि वातावरण पर्दछन् । घटनाहरू लोक व्यवहरकाभन्दा बढी अयर्थाथै नै पाइन्छन । तबेलामा पैसा पाइनु, घोडाले लितिमा चाँदीमा पैसा दिन्छ भन्नु, एउटा घोडाको मूल्य पाँच लाख जस्ता कुरा गर्नु अयथार्थकै उदाहरण हुन् ।

### ३.१.१.४ संवाद

प्रस्तुत छटटूको संसार लोककथामा मामा र भाज्जासंगको सामान्य संम्वाद छ । साथै कथाको अन्त्यतिर लाहुरे र भान्जा राकेशको बीचमा भएका संवादले यस कथालाई रोचक बनाएको देखिन्छ । संवादमा प्रयोग गरिने शब्दहरूले लोककथालाई जीवन्त तुल्याएको छ ।

### ३.१.१.५ उद्देश्य

लोककथाको प्रमुख उद्देश्य नै मनोञ्जन दिनु हो । त्यसैले यस कथाको पनि प्रमुख उद्देश्य मनोरञ्जन हो भने रिसमा काम गर्ने मामालाई चलाखी भान्जाको छटटु स्वभावको बारेमा थाहा हुँदा हुँदै फस्नुले मूर्ख्याइले भन्दा बुद्धिले काम गर्दा सफलता पाइन्छ भन्ने सन्देश दिने यस कथाको उद्देश्य हो ।

### ३.१.१.६ भाषाशैली

कथ्य रूपको भन्दा लेख्य भाषाको प्राचुर्यता भए पनि सरल सहज र बोध गभ्यताका दृष्टिले यस छट्टूको संसार कथाको भाषा शैली उपयुक्त देखिन्छ । लोककथाको आदि मध्य र अन्त्यको अन्विति ठीक रूपमा मिलेको पाइन्छ ग्रामीण भेगमा प्रयोग गरीने भाषाको प्रयोग गरिएको छ जस्तो ध्वासोँ नाकमा हाल्दा हाच्छयू गर्नु जस्ता शब्दको प्रयोग कथामा समाबेश छ ।

### ३.१.१.७ निष्कर्ष

यिनै तत्त्वहरूको संयोजनबाट प्रस्तुत कथा निकै आकर्षक र सफल बन्न पुगेको हो ।

## ३.२ 'सुनफल्ने रूख'

एकादेशमा एउटा सानो गाउँ थियो । त्यसगाउँका मानिसहरू एकदम सोझा थिए । धेरै गरिब पनि थिए । गाउँमा ठूलो जङ्गलले सबै गरिब र निमुखालाई पालेको थियो । जङ्गलका रुख काटेर ल्याउने र दाउरा बनाएर बजारमा बेच्ने उनीहरूको पेशा भइसकेको थियो । त्यसैले उनीहरू जङ्गललाई आफ्नो ठान्दथे । त्यहाँका मान्छेहरू दाउरा बेच्ने भएकाले त्यो गाउँलाई दाउरे गाउँ भनिन्थ्यो ।

त्यस गाउँमा एउटा ज्यादै गरिब दाउरे थियो । त्यो दाउरेलाई बोट विरुवा हुर्केर ठूलो भएको देख्दा बोटहरू पनि मान्छे झैँ हुर्कने र ठूलाहुने ठान्थ्यो । जमिनबाट खाना पाउँछन् । पातबाट सास फेर्छन् । आकाशबाट परेको पानी पिउँछन् । हाँगा काट्दा रगत झै चोप बग्छ, उसलाई दुख्छ र बञ्चरो चलाउदा त ऊ कति आतिदो होला । कति पीडा र दुःख हुन्छ होला भन्दै दुःखी हुन्थ्यो । त्यसैले अरु दाउरेले झैँ रुख

काट्दैनथ्यो । जङ्गलमा सुकेका हाँगा र झिँजा बटुलेर बजारमा बेच्न लैजान्थ्यो । त्यसैले ऊ अरु दाउरे भन्दा गरिब थियो ।

रुखलाई यसरी माया गरेको देखेर गाउँलेहरू उसलाई बहुला भनि कुराकाट्ने गर्दथे । ऊ यस्ता कुरालाई बास्ता गर्दैनथ्यो ।

एक दिन विहानै त्यो दाउरे जङ्गलमा सुकेका दाउराहरू खोज्दै थियो । अकास्मात उसको ढाडमा चिसो थोपा खस्यो । के भयो? पानी पर्‍यो । कि क्या हो ! भनि उसले आकाशतिर हेर्‍यो तर त्यो पानी नभएर रुखको भाँचिएको हाँगाबाट बगेको चोप थियो । उसलाई लाग्यो , रुख घाइते भएछ । रुखलाई धेरै दुःख्यो होला भनि हाँगामा पट्टी बाँधिदिएर उपचार गर्‍यो । केही समय पछि त्यस रुखका पातहरू फरफर गर्न थाले । दाउरे खुसी भयो । रुखलाई सञ्चो भएछ भनेर । रुखपनि दाउरे देखि खुसी भएर केही सुनका पैसा झारेछ, त्यो देखि दाउरे खुसीभई पैसालाई टिपेर गाउँतिर लागेछ । दाउरेले आफूले सुनफल्ने रुख देखेको र त्यसले उसलाई सुनका पैसा दिएको कुरा गाउँभरी बताएछ ।

त्यसै गाउँमा एउटा लोभी र कञ्जुस दाउरे पनि बस्थ्यो । त्यसले पनि यो खबर थाहा पायो । अहिले नै जङ्गल जाऊ, जाऊ भयो तर ऊ यतिबेला जङ्गल जान सक्दैनथ्यो । यतिबेला झमक्क साझँ परिसकेको थियो । बिहान मिरमिर उज्यालो हुनासाथ ऊ जङ्गल पस्यो । चारैतिर जङ्गलमा घुम्योतर सुनफल्ने रुख देखेन अब हिजो हाँगा काटेको रुख काटेर घर फर्कने सोचाइले ऊ त्यस रुखतर्फ लाग्यो । रुखको फेदमा पुगेर हेर्दा त सुनका चार पैसा जमिनमा टाँसिएको देख्यो । खुसीले ऊ मात्तियो । सोच्यो हिजो भाँचेको दुई हाँगाबाट चारवटा पैसा झरेछन् । आज अर्का दुई हाँगा भाच्छु र धेरै पैसा लिन्छु, भन्दै हाँगा भाँच्यो तर रूखले पैसा दिएन । रुखको फेदमा धेरैबेर सम्म बस्दा चोपले ऊ त्यही टाँसिइसकेको थियो ।

साझँ पर्दा पनि ऊ घर नफर्केपछि गाउँले उसको खोजिमा जङ्गल गए उसलाई रुखको फेदमा टाँसिएको देखेर छक्क परे । उसले अघि देखेका चारपैसा पनि हराइ सकेका थिए । गाउँलेले पानी ल्याई चोप पखाली दाउरेको उद्धार गरे । गाउँलेको अनुमान थियो यो जङ्गलमा काँचोरुख काटेकोमा वनदेवताले उसलाई सजाय दिएको

हुनुपर्छ, भन्दै सबै आफ्नो गाउँ तर्फ लागे लोभी दाउरे भन्दै थियो , यो रुखमा पक्कै सुन फल्छ । उसले विहान रुखको फेदमा सुनकै पैसा देखेको हो र गरिब दाउरेले पनि यहीबाट सुनका पैसा लगेको भने सत्य हो ।

### ३.२.१. विवेचना

#### ३.२.१.१ कथानक

प्रस्तुत कथा अतिमानवीय कथाका रूपमा रहेको छ । प्रस्तुत सुनफल्न रुख काल्पनिक लोककथा हो । यस कथामा एउटा दाउरेको गाँउमा भएका दिनचर्यालाई मुख्य विषय बनाइएको छ । एउटा अति नै गरिब दाउरे जो रुखलाई माया गर्दछ, मानिसलाई जस्तै ज्यूँदो रुखमा प्राण भएको र चेतना भएको ठानी काटिएमा हाँगाबाट खसेको चोपलाई रगत ठान्ने अतिसयोक्ति मूलक घटनाले कथालाई रोचक बनाएको छ । यसकै अर्को पाटोमा काँचोरुख काटने अलि धनी दाउरेको स्वाभावले जङ्गल नास भएको र जङ्गलको माया गर्ने गरिब दाउरेलाई सुन फलेको र रुखले सुन दिएको, जङ्गलका हरियारुख भाँच्ने नाशमास विगार गर्नेलाई लोभी दाउरेलाई वन देवताले सजाय दिएको विषयवस्तु नै यस काथनकका मूल पक्ष हुन् ।

#### ३.२.१.२ पात्र वा चरित्र

यस कथाको मुख्य पात्र गरिब दाउरे हो अन्य पात्रहरमा लोभी दाउरे, जङ्गलका रुख तथा गाँउलेहरू पर्दछन् । कथामा जङ्गललाई माया गर्ने काँचा रुख नकाट्ने र सुकेका हाँगा विगा मात्र ल्याउने गरिब दाउरेमा रुखमा पनि मानवीय स्वभाव र गुण भएको देखाइ उपचार गरेको र सुन पाएको देखाइएको छ भने खल पात्रका रूपमा लोभी दाउरे जो काँचा हागाँ र रुखहरू काट्थ्यो त्यसलाई वनदेवताले दण्ड दिएको लौकिक पात्र अलौकिक घटनालाई यस कथामा समावेश गरिएको छ ।

#### ३.२.१.३ परिवेश

गाउँ र जङ्गललाई मुख्यरूपमा समावेश गरिएको यस कथाको सेरोफेरो दाउरा काट्नु, त्यसलाई वेचेर जीविकोपार्जन गर्नु रहेको देखिन्छ । यस कथामा रुख मानिस झैं रोएको ठान्नु , रुखको उपचार गर्नु, उपचारपछि रुख खुसी भएर गरिब दाउरेलाई

सुन दिनु, लोभी दाउरेलाई चोपमा डुवाएर त्यँही बन्धनमा राख्नु, गाउँलेहरूले वनदेवताको खेल मान्नु जस्ता अलौकिक र रहस्यपूर्ण घटनाहरू यस कथाको परिवेश हुन । लोककथाको स्वभाविक परिवेश यस कथामा पनि समावेश छ ।

### ३.२.१.४ संबाद

सुनफल्ने रुख कथामा संवादको खासै स्थान रहेको छैन । सामान्य रूपमा सुन फल्ने रुखको चर्चा दाउरेले गरेको कुरा आत्मालापको रूपमा स्वसंवादको रूपमा आफ्नै मनसँग गरिएको छ । पात्रहरू बीच संवाद भएको पाइदैन । संबादले कथालाई जीवन्तता दिन्छ तर यस कथामा संवादको झिनो व्यवस्था भए पनि आत्मा संवादको प्रयोग आफैसँग प्रश्न र उत्तर गरिएको छ ।

### ३.२.१.५ उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जनका साथै जङ्गलको संरक्षण गरे मङ्गल हुन्छ भन्नु रहेको छ । खराब प्रबृत्ति र कार्यले जङ्गलको नाश भएको हुँदा जङ्गल जोगाउन सुकेको रुख मात्र काट्ने काँचोको उपचार गर्ने गरिब दाउरेलाई सुन र लोभीलाई दण्ड दिनुले ठीक काममा सबैले राम्रो पुरस्कार पाउँछन गल्ती गरे दण्डको भागी पनि हुनुपर्छ भन्दै सही काम गर्ने सन्देश दिनु यस कथाको उद्देश्य हो ।

### ३.२.१.६ भाषाशैली

लोककथाको कथात्मक विशेषताका काल्पनिक उडानलाई गाउँले दाउरे, जङ्गलका रुखको पात्रगत प्रयोगगरी भाषालाई रोचक, सरल र सरस ग्रामीण शैलीको उपयुक्त प्रयोगले यो कथा को संरचनागत आधार आदि , मध्य र अन्त्यको उचित समायोजन भएको छ । उचित कार्य गर्नेलाई पुरस्कार र खराबलाई दण्ड दिने कुरा यसकथाको शैलीगत विशेषता हुन ।

### ३.२.१.७ निष्कर्ष

माथि उल्लेख गरिएका तत्वहरूको समुचित संयोजनबाट प्रस्तुत कथा निर्मित छ । लोककथालाई तत्वगत रूपमा विश्लेषण गर्दा कथाको वास्तविक स्वरूप प्रष्ट हुन्छ भन्ने तथ्य माथिको विवेचनाबाट उजागर भएको छ ।

## ३.३ 'चलाख खरायो'

एकादेशमा एउटा ठूलो जङ्गल थियो । त्यस जङ्गललाई आफ्नो बासस्थान बनाएका दुईवटा प्राणीहरू एकले अर्कालाई त्यती राम्रो विश्वास गर्दैनथे । एउटा अति नै चलाख भएकाले आफ्नो बुद्धिले काम लिने गर्थो भने अर्को पनि आफूलाई जम्मु मन्त्री म जति चलाख यस जङ्गलमा को छ ? भनि घमण्ड गर्थो । यि दुई प्राणीको नाम थियो खरायो र स्याल ।

खरायो बुद्धिमान चलाख र मेहेनती भएकोले आफ्नो पौरखले ठूलो दरबार बनाएर बसेको थियो । त्यो पनि जमिन भित्र खनेर बनाए को सुरुङ । जहाँ धेरै कोठाहरू थिए । भण्डार कोठा, सुत्नेकोठा, सत्रुको आक्रमणमा लुक्नेकोठा आदि ।

एक दिन स्याल पनि खरायोको दरवारमा सोधन पुछ उस्सै पसेछ । यो स्यालको पेलाहा बानीले खरायोलाई रिस उठेछ र गाली गर्दै भनेछ -'ए स्याल दाइ ! आफू बकम्फूस्से गफ गर्छौ । यस जङ्गलको मन्त्री भन्छौ । सबैले मलाई यस जङ्गलको जम्मुमन्त्री भन्छन् भनि धाक पनि लाउँछौ । आफू बस्न र सत्रुबाट बच्न एउटा घरसम्म बनाउन नसक्ने लाचार ! निस्क यहाँबाट छिट्टै ।' खरायोका यी कुराले स्याललाई भित्र भित्रै रिस उठेछ । उस्कै घरमा पसेर उसैलाई केही भन्नु वा गर्नु भएन भनि वदलाको भावना लिएर स्याल सुरुङबाट लुसुक्क बाहिर निस्केछ । त्यसै दिनदेखि दुवैमा सत्रुता बढदै गयो । स्यालले त्यस खरायोलाई आफ्नो जालमा पारेर कसरी खाने भन्ने विचार गऱ्यो ।

एक दिन खरायो चर्ने जङ्गलको घाँसे मैदानमा एउटा कालो अलकत्राको जाल थाप्यो र मनमनै स्यालले विचार गऱ्यो अब बस्लास नि तेरा सुरुङमा भन्दै जाल थापेर आफू चाँहि नजिकैको झाडीमा लुकेर खरायो जालमा पर्ने दाउ हेरिरयो । उत्ता चरिरहेके खरायो पनि चर्दाचर्दै स्यालको जालमा पऱ्यो । उठन खोज्यो, उठन सकेन । अब खरायोको पूरै शरीरमा नराम्रोसँग अलकत्रा टाँसियो । अनि लुकेर बसेको स्याल फूत्त निस्केर खरायोलाई जिस्क्याउन थाल्यो । बल्ल मेरो जालमा परिस् । तँलाई मैले यसरी खान्छु कि । अब देख्दै जा! आगो बाल्छु । त्यसमा तँलाई पोलेर खान्छु ।

स्यालले खरायोको नजिकै आगो बाल्यो र भन्यो - ' अब म तँलाई यस आगोमा जीउँदै पोलेर खान्छु । अब बस्लास नि तेरो भव्य सुरुङमा । खरायो चाँहि अब आफू यस जालबाट कसरी उम्कने भन्ने सोचिरहेको थियो । नजिकै बालेको आगोको तातोले विस्तारै खरायोमा टाँसिएको अलकत्रा झर्न लाग्यो । यो चाल पाएर खरायोले स्याललाई भन्यो -'ए स्यालदाइ ! मलाई राम्रोसँग पोलेर खान खै दाउरा ! पहिला ऊ.....पर जाऊ ! मोटा मोटा दाउरा खोजेर ल्याऊ! अनि पो मलाई पोलेर खान स्वाद आउँछ ।' त्यो छट्टु स्यालले पनि यसो विचार गऱ्यो-'हो त!' भन्दै परपर सम्म दाउरा बटुल्दै आगोमा हाल्दै गर्दा खरायोको जीउको सबै अलकत्रा झरिरहेको थियो । स्याल अलि पर नै दाउरा लिएर आउँदै थियो । खरायो ले भन्यो "-ए स्याल दाइ ! अब मलाई मज्जाले पोलेर खाऊ । छिट्टो गर है ! म त लागे आफ्नो बाटो ।" खरायो कुलेलम ठोक्यो । स्याल आफ्नो बुद्धिलाई धिर्कादै हेरेको हेरै बन्यो ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फूलाको माला ।

### ३.३.१ विवेचना

#### ३.३.१.१ कथावस्तु

प्रस्तुत कथा पशुपक्षीका कथाका रूपमा रहेको छ । मानवेत्तर पात्रो प्रयोग गरिएको प्रस्तुत कथा दुई जङ्गलबासी प्राणीहरू खरायो र स्यालका क्रियाकलापलाई लिएर कथावस्तु अगाडि बढेको छ । आफ्नो मेहेनत र बुद्धिले काम गर्ने खरायो र धूर्तकाम गर्ने स्याल बीचमा भएको संवादले रोचक भएको छोटो कथा, बुद्धिको विजय र धुल्याँइको पराजयमा गएर टुङगिएको छ । यस कथामा अलौकिक पात्रका आपसी मनमुटावलाई देखाइएको छ यो नै यस कथाको विषयवस्तु हो ।

#### ३.३.१.२ पात्र वा चरित्र

यस कथामा जङ्गली दुई प्राणीहरू मात्र पात्रको रूपमा देखा पर्दछन् । खरायो यस कथाको मुख्य पात्र हो जो आफ्नो बुद्धि वर्गत र क्षमताले काम गर्दछ र सुखसँग बस्दछ भने अल्छी र फट्याइँ गर्ने धूर्त प्रवृत्तिको स्यालले भने सधैँ दुःख मात्र पाएको छ

। यी दुई पात्र बीचमा भएका क्रियाकलापले उनीहरूको विशेषतालाई प्रस्ट्याएका छन् ।

### ३.३.१.३ परिवेश

जङ्गल भित्र बस्ने दुई प्राणीमा एउटाको भव्य दरवार हुने र अर्काको भने बास बस्ने ठाउँ सम्म नभएको अलौकिक परिवेशलाई यस लोककथाले लिएको छ । खरायोलाई स्यालो छट्टू स्वभाव मन नपरेको र विना परीश्रम सुख खोज्ने प्रवृत्तिलाई खरायोले छक्याएको देखाउन अलकत्रामा खरायो पर्नु आगोले पग्लनु र खरायो फुर्कनु जस्ता क्रियाकलाप यस जङ्गली परिवेशमा समावेश भएका छन् ।

### ३.३.१.४ संवाद

चलाख खरायो र स्याल बीचमा भएको संवादले यस चलाख खरायो कथालाई मर्मस्पर्सी बोधगम्य माधुर्यता र रोचकता थपेको देखिन्छ । मुख्य रूपमा मानिस कै भाषा प्रयोगगरी बोल्ने स्याल र खरायोको अलौकिक परिवेशमा संवादले यो कथामा मानवीय पात्र कै भूमिका झैँ पशुहरूको भूमिकालाई प्रतिनिधित्व गराउन सफल भएको छ ।

### ३.३.१.५ उद्देश्य

मनोरञ्जनका साथै सकारात्मक सन्देश दिनु यस कथाको प्रमुख उद्देश्य हो । पशु व्यवहारलाई देखाएर मानवीय समाजमा गर्नुपर्ने सुधारबारे सन्देश दिन्छ । सबैकाम बुद्धिमतापूर्वक भएमा मात्र सफलता पाइन्छ अन्यथा धुर्त्याँई विफलता मात्र हात लाग्छ भनी सन्देश दिने उद्देश्यले यो कथा भनिएको हो ।

### ३.३.१.६ भाषाशैली

भाषामा रस हुन्छ त्यो सरल, सहज र बोध गम्य भएपछि कथामा झन रोचकता थपिन्छ । यस चलाख खरायो कथामा पनि भाषा सहज र सरल भएकोले बुझ्न सजिलो छ । 'अलकत्रा'  जस्ता शब्दको प्रयोग, भए पनि आदि मध्य र अन्त्यको शैलीगत अन्विति मिलेकाले यो लोककथाको महत्व भाषाशैलीगत रूपमा उपयुक्त छ ।

### ३.३.१.७ निष्कर्ष

माथि उल्लेखित कथा तत्वको आधारमा लोककथाको विश्लेषण र विवेचनाले गर्दा प्रस्तुत कथा अलौकिक लोककथाको रूपमा आफ्नो अस्तित्व जोगाउन सफल भएको देखिन्छ ।

## ३.४ 'जात्रुको धर्म परीक्षा'

एक दिनको कुरा हो । मादेव र पार्वती गोसाँइथानमा आउँने र जाने जात्रुहरू हेरिरहेका थिए । जात्रुहरूको भिड थियो । कतै ढयाङ्ग्रो माला लिएका ताँति त कतै मादले मारुनीको ताँती । यो देखेर पार्वती खुबै खुसी भइन र मादेवलाई भनिन- 'ओ हो ! कति धर्मात्मा बढेछन पृथ्वीमा । हेर्नुहोस न हजरुका भक्त कति ! लावालस्कर कोही गाउँदै, कोही बजाउदै, बुढाबुढीलाई बोकी बोकी आएका र गएका संसारमा अर्धम धेरै कम भएछ धर्मात्मा बढेछ ।' मादेवले कुनै चासो नै देखाएनन् । वास्तानै गरेनन् यो देखि पार्वतीलाई नराम्रो लाग्यो । मादेवले भने -'हेर पार्वती यी सवै धर्मात्मा पनि होइनन् मेरो सेवा भक्ति गर्न आएका पनि होइनन् । धर्म गर्ने त हजारौंमा एक आँउन पनि मुस्किल छ । यी त रमाइलो, रस, उठबस गर्न र आफ्नो मनको सन्तोषका लागि हिडेका । ' पार्वतीलाई यो कुराको विस्वासै भएन भनेर मादेवसँग गनगन गरिन् । मादेवले पनि जात्रुको नै धर्म परीक्षा लिऊ न भन्दा मादेव र पार्वती दुवैको सम्मती भयो ।

परीक्षाका लागि योजना मादेवले यस्तो बनाए । म एउटा बूडो कुष्ठरोगी बनेर यस डाँडाको फेदिमा बस्छु । तिमी एउटी गुणरूप सम्पन्न स्वास्नी बनेर मेरो सेवा गर्दै बस । म बुडो । र रोगी देखेर कतिले त थुक्दै हिड्ने छन् । कतिले नाक थुन्ने छन् । कति चुकचुकाउँदै हिड्ने छन् । कसैले पनि सघाउने कुरा नै गर्ने छैनन् । तिमीले प्रत्येक जात्रुका हात समाउँदै भन्नु - 'ए जात्रु हो, मेरा यी बुडा कुष्ट रोगले ग्रस्त छन । मर्ने बेलामा मादेवको दर्शन गर्छु भन्छन । माथि सम्म पुऱ्याउन सहयोग गर न जति पैसा लिए पनि दिन्छु धर्म हुन्छ ।' कसैले पत्याउला त्यो धर्मात्मा हनेछ ।

विहान सबेरै डाँडाको फेदिमा मादेव चाँहि शरीर भरी कुष्ट रोग निकालेर लम्पसार परेर सुतेछन् । अनि पार्वती जात्रु जति आउँछन् सबैसंग- 'ए ! हाम्रा यी

बुडालाई माथि सम्म लगि देवन मर्ने वेलामा मादेवको दर्शन गरेर मर्छु भन्छन । जति रूपयाँ लागे पनि दिन्छु ! धर्म हुन्छ ।' जात्रुहरूले भनेछन् -'ए...... यस्तो बुडालाई को बोक्छ ? धेट् । कोही भन्दा रहेछन-' यस्ती राम्री रूपवती छौ । छाड यस बूडालाई हिड बरु हामीसंग जाँऊ ।' अनि तेस्रो भने नि मादेव सुतिरहे । पार्वती कुरेर बसिरहिन । साँझ पर्नै लागेको थियो सघाउने जात्रु कोही पनि फेला परेन । दिनभरी कुर्दा कुर्दा थकित भएकी पार्वती मादेव नजिकै बसिन । एउटा बूडो बूडो मान्छे साँझ परिसके पछि त्यहाँ आइपुग्यो । पार्वतीले अरुलाई झै त्यसलाई पनि पहिले कै कुरा गरिन । ए बूडा बा । यी हाम्रा बूडालाई माथि सम्म लगि दिन सक्छौ' ? बूडाले के गर्नु पर्छ भनेर पार्वतीलाई सोध्यो । बोकेर माथि सम्म लैजानु पर्छ पार्वतीले भनिन । बूडाले भन्यो-ओ हो । हुन्छ लौ म मादेव भेटन हिडेको मादेवत यही रहेछन । म बोक्छु, बोक्छु के गर्नु पर्छ भनेछ बूडाले । सामसुम गर्दिनु पर्छ अनि बोक्नु पर्छ । पार्वतीले भनिन । अनि पिठीम तिर सामसुम पार्दै ल बुइ आऊ ! बुइ आऊ !! भन्दा मादेव विसेक हुनुभएछ । अनि त्यो बुडाले धर्म कमाएछ । देख्यौ त पार्वती सबै मान्छे एकनासका हुदारहेनछन । भनेर मादेव पार्वतीको कुरा भयो । मादेव र पार्वंती आफ्नो धाममा जानुभयो ।

### ३.४.१ विवेचना

#### ३.४.१.१ कथावस्तु

प्रस्तुत कथा धर्मसँग सम्बन्धित छ । नेपालको उतरी खण्डमा पर्ने तिर्थस्थालको रूपमा चर्चित गोसाँइथानको सेरोफेरोलाई आफ्नो कथाको विषयवस्तु बनाएको यस धर्म सम्बन्धी लोककथा जात्रुको धर्म परीक्षामा शिव र पार्वती बचिमा धर्मको महत्व बढेको र धर्मात्मा बढेको विषयलाई लिएर भएको विवादमा शिवले सबै यात्रु धर्मका लागि हिँडेका होइनन् भन्दा पार्वतीमा विश्वास नभएकाले त्यसको परीक्षागरी निर्णय लिने निधो गरेकाले त्यसै प्रसंगमा परीक्षा हुँदा सबै जात्रु धर्मका लागि नहिडेको र आफ्नो आफ्नो स्वार्थपूर्तिको लागि हिँडेको कुरालाई अन्त्यमा प्रमाणित गरिएको कथाको मुख्य विषय वन्न पुगेको छ ।

### ३.४.१.२ पात्र वा चरित्र

प्रस्तुत जात्रुको धर्म परीक्षा कथामा मुख्य पात्र मानवीय रूपमा देखापर्ने शिव र पार्वती तथा बाटोमा जात्राकालागि आवतजावत गर्ने बुढाबुढी केटा केटी तथा युवा युवतीहरू रहेका छन् । धर्मको मर्म बुझ्ने पात्र भने साँझ पख देखा परेको एउटा बृद्ध मान्छे भएको छ जसले शिवभेट्न हिँडेको बाटामै भेटेँ भन्दै सहयोग गर्न तत्पर हुन्छ , त्यसपछि परीक्षा सकिएको शिव पार्वती आफ्नो धाममा जान्छन् । यसरी धर्मका लागि सबै यात्रा गर्ने होइनन् । सबैका आफ्ना स्वार्थपूर्तिका लागि यात्रा गर्दछन् । भनी पात्रगत परिवेश देखाउँदै जात्रुको चरित्रलाई प्रष्टयाइएको छ ।

### ३.४.१.३ परिवेश

लौकिक जीवनका सबै पात्रहरू देखाइए पनि मुख्य रूपमा अलौकिक पात्रको प्रतिनिधित्व भएको यस कथामा रसुवा जिल्लामा रहेको गोसाइँकुण्ड जाँदा पर्ने उकालोको फेदीलाई कथाको परिवेशमा समावेश गरिएको छ । यहाँ प्राकृतिक भन्दा धार्मिक परिवेशलाई देखाउन जात्रुको शिव र पार्वतीले गरेको परीक्षालाई परिवेशको रूपमा समावेश गरिएको छ ।

### ३.४.१.४ संवाद

खासै रूपमा संवादको प्रयोग नगरिएको भए पनि यस कथामा शिव र पार्वती बचिमा भएका संवादहरूले यो कथा पनि संवाद विहीन भने भएको छैन । जात्रुहरूले पनि आफ्नो प्रतिक्रिया सामान्य संवादका रूपमा प्रयोग गरेको पाइन्छ । जात्रुको धर्म परीक्षा कथामा वाचकले केही मात्र संवादको प्रयोग गरेको पाइन्छ ।

### ३.४.१.५ उद्देश्य

प्रस्तुत कथाको प्रमुख उद्देश्य यात्रीहरूको यात्राको क्रममा जुन देवस्थल वा मन्दिर कुण्ड तथा धाममा हुने गर्दछ ती सबैको आफ्नो आफ्नो फरक फरक उद्देश्य पूर्तिमा आएका हुन्छन् । सबै देवस्थलमा धर्म नै कमाई गर्न आएको हुँदैनन् । परोपकार नै धर्म हो भन्ने भावना बुझ्ने सयौंमा एक मात्र हुन्छन् भनी देखाउनु नै यस कथाको उद्देश्य हो ।

### ३.४.१.६ भाषाशैली

यस कथाको भाषाशैली सरल ग्रामीण बोधगम्य छ । भाषामा शब्दहरू जस्ताको त्यस्तै जुनरूपमा वाचकले वाचन गर्दछन् । त्यसैलाई यस कथामा उतारिएको ले यस कथाको भाषा र शैली गत यथार्थ यसमा उतारिएको छ । जस्तो मादेव, (महादेव) बुडा (बुढा) यस कथाको शैलीगत विशेषता हो ।

### ३.४.१.७ निष्कर्ष

प्रस्तुत लोककथा कथातत्वका आधारमा विश्लेषण र विवेचनाले गर्दा एक धार्मिक कथाको रूपमा आफ्नो अस्तित्वलाई पाठक समक्ष ल्याउन सफल भएको छ जसमा कथाका प्रत्येक तत्वको उचित विश्लेषण गरिएको छ ।

## ३.५ 'सत्यको जित'

एउटा देशमा राजाका छोरा र मन्त्रीका छोरा साथी साथी थिए । संगै खेल्ने संगैबस्ने संसंगै डुल्न जाने । आखिरीमा उनीहरूलाई आफ्नो घरबारबाट सन्तोष मिलेन । एक दिन यस्तो सल्ला गरे कि हामी द्धै जना विदेश जाऊ, बढवढाइ धन कमाएर ल्याँऊ अनि आफ्नो मोज मज्जा हुन्छ भन्ने विचार मन्त्रीको छोराले गरेर राजाको छोरा संग सल्ला गर्दा, राजाको छोराले तीन लाख रूपया चोरे छ र विदेश गएछन ।

वालखै देखिको प्रेम दुईवटैमा विश्वास पूरा थियो । आखिरीमा संगसंगै बस्ने, हिडने संगै सुत्ने हुदा सुतेकौ वासमा मन्त्रीको छोराले राजाको छोराको तीनलाख रूपयाँ चोरेछ । मेरो रूपयाँ यो मन्त्रीको छोराले चोरो भन्न राजाको छोराले सकेन् । वालकालदेखिको प्रेम छुट्ला भन्ने डर भो, न भनौ त आफ्नो रूपञा छैन । त्यतिकैमा खुम्चिएर, झोक्राएर हिडिरहेको थियो । अनि एक ठाँउमा एउटा बटुवा बाटोमा देखेर यो संग मेरो कुरा खोल्छु भनेर कुरा खोले छ राजाको छोराले अनि त्यो बटुवाले विचार गऱ्यो कि यसको रूपञा हराएर हरायो भनो कि नहराइकन हरायो भनो होला यो पनि विचार गर्नु पर्छ । यी दुईमा कुन चाँहि उल्लु होला यो पनि विचार गर्नु पर्छ भनि

विचार गऱ्यो र दुबैलाई पक्रने हिसाबले एउटा कथा झिकेछ । म एउटा कथा भन्छु । तिमेरु दुईजनाले सुन है त ! भनेछ बटुवाले र कथा भन्न थालेछ । कथा यस्तो थियो ।

एकादेशमा राजाका छोरा र मन्त्रीका छोरा अति प्रेम गर्ने थिए । आखिरमा एउटा यस्तो प्रतिज्ञा गरेछन कि जस्को बिहे पहिले हुन्छ । उसले स्त्री जातिको भोग नगरी अर्कालाई दिने पैला भन्ने यस्तो प्रतिज्ञा रहेछ वालककालमा गरेको । आखिरीमा रहदा बस्दा राजा कै छोराको बिहे पहिला भयो अनि त्यो राजाको छोराले आफ्नो वालककालको साथीसंगको प्रतिज्ञा झलक्क संझेछ र स्त्री जाति संगको सम्पर्क गर्न छाडिदियो । आज सम्पर्क नगर्ने भोलि सम्पर्क नगर्ने हुदा हुदा शंका बढयो । यस्तो किन हुन्छ भनेर राजकन्याले राजकुमारलाई सेधै पछि कुरा खोल्न करै लाग्यो । हाम्रो वाल्य अवस्थाको यस्तो प्रेममा यस्तो प्रतिज्ञा भएको हुँदा मैले भोग गर्न सकिन । भेरो सत्यता नाश हुन्छ भनेर राजाको छोराले भनेको कारणले त्यो केटीले पनि कुरा बुझेर्, राजाको छोराले पनि केटी पठाइ दिएर मन्त्रीको छोर् भएको ठाउँमा केटी पुगी । केटी कसैको सहारा नलिइकन एक्लै लरलर आफ्नो घरमा आएको देखेर मन्त्रीको छोरा दङ्गपऱ्यो । किन आउनु भयो महारानी ? भनेर सोध्यो । अरु कुरा त केही थिएन । तपाईहरूको वाल्यअवस्थामा यस्तो कवोल थियो रे भनेर कवल पूऱ्याउन आएकी भने पछि ओ हो ! किन हुन्थ्यो । संसारमा आमा तीनवटी हुन्छन-‘गुरु आमा, आफूलाई जन्म दिने आमा र रानी आमा मेरा त तपाई रानी आमा यस्तो कुरा कहिले गर्नु हुन्न कदापी कसैले पनि गर्नु हुन्न भनेर जस्ताको त्यस्तै फर्काइदिएछ रे भनेर त्यो बटुवाले ती दुईटा चोर्ने र चोरीने राजाको छोरो र मन्त्रीको छोरालाई सुनाए पछि यी दुईमा राजाको छोराको कुरा सद्दे हो कि ? मन्त्रीको छोराको कुरा सद्दे हो ? भनेर सोद्वा - राजाको छोराले राजाकै छोरोको कुरा सद्वे । आफूले सिन्दुर हालेकी स्वास्नी आफ्नै भोग त्यो पनि वाल्यकालको एक दिनको कारणले गर्दा खेरी यो गर्नु हुदैन भनेर आफ्नो धर्म सद्वे भनेर राजाको छोराले भन्यो भने मन्त्रीको छोराले-‘किन हुन्थ्यो, त्यति रूपवती केटी, एकान्तमा आफ्नो पिच्छामा, आएको जस्ताको त्यस्तै फर्काइ दिने मन्त्रीको छोरा नै सद्दे भनेपछि बटुवा हाँसेछ हलल्ल । हो, राजाको छोराको धन तिमीले चोरेको छ

भनेर मन्त्रीको छोरालाई चोर बनाएर त्यो रूपत्रा फिर्ता गराइ दिएछ । सत्यको जीत भएछ । यो कथा यति हो ।

### ३.५.१ विवेचना

#### ३.५.१.१ कथावस्तु

प्रस्तुत कथा सामाजिक लोककथा हो । यस कथामा प्रमुख दुई पात्रहरू छन् । एक मन्त्रीको छोरा र राजाको छोरा । यी दुबै आपसमा खुबै मिलने मिलनसार साथी थिए । दुबैको सहमतिमा भ्रमणमा जाँदा राजाको छोराको रूपैयाँ पैसा मन्त्रीको छोराले चोरेको राजाको छोराले आफ्नो रूपैया हराएकोमा खिन्नता मान्दै मन्त्रीको छोराले चोरेको अनुमान गर्दा पनि भन्न नसकेको र वाटामा भेटेको बटुवालाई यो कुरा भन्दा एउटा कथा मार्फत दुवैको चित्तबुझ्दो गरी चोर पत्ता लगाई सत्यको जित गराएको देखाउने विषयवस्तुहरू यस कथाका कथावस्तु हो ।

#### ३.५.१.२ पात्र वा चरित्र

प्रस्तुत कथाको नायक पात्र राजकुमार खलपात्र मन्त्रीको छोरा हो । निर्णय दिने पात्र बटुवा हो । अन्य पात्रहरूमा कथाका राजकुमार, मन्त्रीको छोरा, राजकुमारी आदि पर्दछन् । यस कथामा राजकुमार, मन्त्रीको छोरा, राजकुमारी आदि पर्दछन् । यस कथामा हराएको रूपैयाँ भेटाउन बटुवाले राजकुमार र मन्त्रीको छोरालाई कथा सुनाइ सत्पात्र राजकुमार र कुपात्रका रूपमा मन्त्रीको छोरालाई देखाइ सत्कार्यले नै सत्मार्ग प्राप्त हुने गर्दछ भनी सत् चरित्रको व्याख्या गरिएको छ ।

#### ३.५.१.३ परिवेश

कुनै एकदेशका राजकुमार र मन्त्रीको छोराले यात्रा गरेको परदेश र उनीहरूको सानैदेखिको पारिवारिक मेलमिलापलाई परिवेशगत रूपमा कथा अगाडि बढेको छ । देशपरदेश यात्रा भनेपनि स्थान विशेष नाम नदिइएको पौराणिक कालमा भएका राज्यको झल्कोदिने कथानक परिवेश अलौकिकरूपमा देखापर्छ । भ्रमणमा राजकुमार र मन्त्रीको छोरा निस्किएको घटना प्रमुख परिवेशका रूपमा रहेको छ । यहाँको मूल परिवेश गाउँको बाटोघाटो नै रहेको छ।

### ३.५.१.४ संवाद

यस कथामा बटुवासँग राजाको छोरा राजकुमार र मन्त्रीको छोरासाग सामान्य संवाद भएको देखाइएतापनि भिनो संवादले गर्दा संवादात्मक अभिव्यक्ति कम छ तर पनि वाचक कै स्व अभिव्यक्तिले कथा संवादात्मक भैँ देखिन्छ र रोचक पनि छ ।

### ३.५.१.५ उद्देश्य

प्रस्तुत कथाले जति नै राम्रो सम्बन्ध भएपनि सहिकाम गरेमात्र मित्रता बढ्दछ । सत्य र असत्य सधै दिन र रात भैँ अलग अलग छुट्टिएका हुन्छन । त्यसैले मित्रवत् व्यवहार गर्दागर्दै पनि लोभले सानो भूल भएमा त्यसको परिणामले मित्रतामा खलबल हुन्छ । गल्ती गर्नेले आफ्नो भूल अभिव्यक्त नगर्दा पनि सत्यको पछि सबै हुन्छन भनी निर्णय दिने उद्देश्य यसकथामा रहेको छ ।

### ३.५.१.६ भाषाशैली

भाषा सरल सहज भएपनि कथामा सत्यको पक्ष र असत्यसको पक्ष निर्धारण गर्न बटुवाले भन्ने कथामा पनि कथा कै पात्रहरू दोहोरिने हुनाले बुझ्न अलिक अलमल हुन सक्ने देखिन्छ । भाषाशैली सरल नै भएकाले भाषागत संरचना र शैलीको क्रम सहीरूपमा अगाडि बढेको पाइन्छ । भाषामा ग्रामीण कथ्य शब्दको प्रयोग भएको छ । जस्तै : तिमेरु, (तिमीहरू) भनो (भन्यो) आदि ।

### ३.५.१.७ निष्कर्ष

माथि उल्लेख गरिएका कथातत्वगत आधारमा यस कथालाई विश्लेषण गर्दा यो कथा एक सामाजिक कथाको रूपमा रहेको छ । यसको विश्लेषणले कथाको वास्तविक स्वरूप प्रष्ट हुन्छ भने तथ्य माथिको विवेचनाबाट उजागर हुन्छ ।

## ३.६ अपाङ्ग वालिका र सन्त

कुनै एउटा गाँउमा सानो परिवार थियो । त्यस परिवारमा एउटी वालिका थिइन । उनी बोल्न सक्दैन थिन र हिड्न पनि । ती वालिकालाई घर परिवारले पशुलाई भै खुट्टामा सङ्गलाले बाँधेर राखेका थिए । आफूले जान्ने बेला देखि नै बाबु-आमाको मायाको अनुभवसम्म गर्न पाएकी थिइनन् । उनी अरुवालवालिका भन्दा मानसिक

रूपमा पनि कमजोर थिइन् । दु:खी वालिकाको दिसा-पिसाब बाँधिएकै ठाँउमा हुन्थ्यो । कहिले त उनलाई खान पनि दिइदैनथ्यो विचरी वालिका कहिले रातमा पनि वाहिरै हुन्थिन । आफ्नो फोहोर लुगा र अन्यकारणले उनी रोगी भइन । बाबु-आमाले मर्न नसकेकी काल ! कुन जुनीको ऋृण खाएको रहेछ हे भगवान !! भन्दै गाली गर्थे । त्यसैले गर्दा उनलाई आफै देखि घृणा लागेर आउँथ्यो र दु:ख पनि । कहिले त उनलाई साङ्गलोले रेटिएर मरु कि जस्तो हुन्थ्यो तर जिन्दगी सघर्ष हो भनेर मर्न पनि सक्दिन थिन् । बाटो हिडने बटुवाले पनि दया देखाउने मात्र त हो नि फुकाइ दिदैनथे । देलान भनि बाटो तिर हेरेर हातले इशारा गर्थिन बोलेर अनुरोध गर्न सक्दिन थिन् । उनको अपाङ्गता भन्नु नै बोल्न नसक्नु थियो । सधै  बाँधिएर मात्र बस्थिन् । उनको आफ्नो भन्नु नै यही साङ्गलो मात्र थियो ।

एक दिनको कुरा हो । ती अपाङ्गका घरमा एउटा सन्त आए । वालिका बाँधिएर रहेकी देखेर उनमा दया पलायो । उनले वालिकाका आमा-बाबुसंग भिक्षा मागे । त्यो भिक्षा वालिकालाई बाँधिएर राखेको साङ्ग्लो थियो । यो साङ्ग्लो दिन वालिकाका बाबुले अस्विकार गरे । आमाले भने भिक्षा माग्नेलाई रित्तोहात पर्काए विपत्ती पर्ने कुरा बताइन तब दुबैले त्यो वालिका बाँधिएको साङ्ग्लो फुकाइ सन्तको हातमा दिए । यो देखेर वालिकाको आँखा आँशुले भरिएर आयो । सन्तले वालिकाको आँशु पुच्छि दिए । आमा -बावुको मन पनि पग्लिएर आयो । दुबैको आँखामा आँशु टिल्पिलाई फूक्त गुडेर जमिनमा झरे ।

आमा बाबु दुबै तिर हेरेर सन्तले भने -'हेर आज यो वालिका मेरो भिक्षाले मुक्त भइ । अब यो वालिका मलाई देऊ ! यसलाई अज्ञानताको खाडलबाट झिकेर मुक्त गराइ दिनेछु ।' सन्तका कुरा सुनेर आफ्ना आँखा खुलेको भन्दै आमा र बाबुले सन्तलाई आभार व्यक्त गरेर वालिका शिक्षा दानका लागि अर्पण गरे । समयको चक्र परिवर्तनशील छ, समय आज भोलि भन्दा भन्दै दशौ वर्ष बिते ।

शिक्षाको उज्यालो घाम पाएर ती अपाङ्ग वालिका आज सवलाङ्ग, झै काम गर्न सक्ने भइन । बोलि थिएन तर विश्वमा भएको विकाशले उनलाई लिपि दियो, भाषा दियो । त्यसैले उनको अन्धकार जीवनले गति पायो । आज तिनै वालिकाको कमाइले

आमाबाबु दङ्ग, छन । अहिले त अपाङ्ग, वालिका घरको आम्दानीकी स्रोत पो भएकि छन । सधै हेला र तिरस्कारकी पात्र आज माया, प्रेम र सदभावमा बाँच्न पाउनु उनको पूर्नः जन्म हो । यसका लागि उनका बाबु-आमा र गुरु सन्तलाई मानेकि छन् ।

### ३.६.१ विवेचना

#### ३.६.१.१ कथावस्तु

प्रस्तुत कथा सामाजिक लोककथाका रूपमा रहेको छ । यस कथाकी प्रमुख पात्र अपाङ्ग  बालिका हुन भने सन्त ती वालिकाका उद्दारकर्ताका रूपमा देखापर्ने पात्र हुन् । शिक्षा दिएमा अपाङ्गले सवलाङ्ग भ्रैँ काम गर्न सक्छन् भन्ने भ्रलक दिने एउटा ग्रामीण परिवेशको विषयवस्तुलाई लिएर कल्पना गरिएको कथावस्तु नै यस कथाको विषयगत आधार हो र यसैको सेरोफेरोमा कथा अगाडि बढी अन्त्यको संघारमा पुगेको छ ।

#### ३.६.१.२ पात्र वा चरित्र

यस कथामा प्रमुख पात्र अपाङ्ग बालिका हो भने सहायक र सहयोगी पात्र सन्त रहेका छन् । अन्य पात्र पात्राहरूमा गाउँलेहरू घरपरिवारका सदस्यहरू आमा, बाबु हुन् । हिनताभावले जीवनदेखि अवाक भएकी अपाङ्ग बालिकालाई वाँधिको साङ्लो छुटाइ शिक्षा दिएर जीवनलाई दुःखको सागरबाट हटाउने महानगुरु सन्त आदरणीय पात्र हुन अपाङ्ग बालिका र सन्त कथामा भन्नु उचित हुन्छ ।

#### ३.६.१.३ परिवेश

ग्रामीण अशिक्षित पारिवारिक परिवेशबाट प्रस्तुत कथाको कथानक अगाडि बढेको छ । आधुनिक कथा भ्रैँ भ्रल्को दिने यो कथामा लौकिक जगतकै सम्पूर्ण पात्र र घटना भएकाले लोककथाको पूर्ण भ्रलक भने परिवेश भित्र देखा पर्दैन । शिक्षाको उज्यालो दिने सन्तले अपाङ्गको उद्धार गर्नु र परिवारका आँखा खुल्नुले कथा सफल भएको छ ।

#### ३.६.१.४ संवाद

यस कथामा संवादको भ्रिनो अङकुरण मात्र छ सन्त र बालिकाका आमा, बाबु, बीचमा सामान्य संवादमात्र भएको देखिने हुँदा लोककथामा संबादले खासै भूमिका

खेलेको देखिदैन । यस अपाङ्ग बालिका र सन्त कथामा संवाद अति नै क्षीण रहेको छ भन्नु उपयुक्त ठहर्छ ।

### ३.६.१.५ उद्देश्य

प्रस्तुत कथामा अशक्त र अपाङ्ग भनी घृणा र अपहेलना गरेका व्यक्तिले पनि उचित अवसर पाए भने शिक्षा र तालिमको कारण उनीहरूमा रुचि, चहाना र क्षमताको कदर हुनुका साथै अपाङ्गले पनि सवलाङ्ग झैं काम गर्न सक्छन् भन्ने ज्ञान दिनु यस कथाको प्रमुख उद्देश्य हो ।

### ३.६.१.६ भाषाशैली

यस कथाको भाषा सरल छ । ग्रामीण परिवारमा आमा बाबुले घृणाले ओकल्ने शब्दहरूलाई यस कथामा उचित स्थान दिइएको छ । जस्तो -'मर्न नसकेकी काल!' कुन जुनीको ऋण खाएको रहेछ हे भगवान! आदि जस्ता शब्दको प्रयोगले भाषा सहज र शैलीमा पनि शुरु, मध्य र अन्त्यको अन्विति उचितै देखिन्छ ।

### ३.६.१.७ निष्कर्ष

यिनै तत्वको संयोजनबाट प्रस्तुत कथा निक्कै मार्मीकरूपमा सामाजिक कथाको रूपमा सवल र सफल बन्न पुगेको छ ।

## ३.७ 'मूर्खको वुद्धि'

एउठा गाँउको कुरा हो, गाउँमा दुई साथीहरू बस्थे । एउटा ज्यादै चलाख थियो । अर्को चाहि मूर्ख र बुद्ध । जे काम गर्नु हुन्न भन्यो त्यही काम गर्‍यो । साथी हो, यसलाई सुधार्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो चलाख केटोलाई । मूर्ख साथी भने सधै उस्तै, जति सुर्धान खोज्यो त्यति वाङ्गो काम गर्‍यो ।

एक दिनको कुरा हो, चलाख केटोले भन्यो -'यो गदालाई मान्छे बनाँऊ भनेको केही गरी सकिएन ।' यो कुरा सुनेर साथीले भन्यो -'ए साथी तपाईले कस्तो कुरा गरेको गदा पनि मान्छे वन्छ र ?' चलाख साथीलाई यो मूर्खदेखि सार्‍है रिस उठयो जे काम सिकायो त्यही बिर्गाछ कस्तो बुद्दु । मन मनै सोच्यो यस को उतर के दिऊ ? उत्तर नदिइ धरै छैन् । चलाख केटोले केही सोचे झैं गरी भन्यो -'हो गदा मान्छे बन्छ

।के तिमी एउटा गदा मलाई दिन सक्छौ ? म त्यस गदालाई मान्छे बनाएर देखाउँछु ।' बुद्दुसाथी छक्क पऱ्यो गदा मान्छे कसरी बनाउँछ हेर्नु पऱ्यो भन्दै एउटा गदा लिन गयो । एउटा मर्नेवेला भएको बुडो गदालाई ल्याएर चालाख साथीको अगाडि राख्दै मूर्खले भन्यो 'लौ बनाउनुहोस् यसलाई मान्छे ।'

चलाख साथीले भन्यो-'अहिलेको अहिलै गदालाई मान्छेबनाउन सकिन्न । एक हप्ता पछि आउनु, म गदालाई मान्छे बनाइ राखौला ।' बदि्दुको बुद्धिमा अझै ज्ञान आएन । ऊ हुन्छ भन्दै घर तिर लाग्यो ।

आज भन्दा भोलि भन्दा हप्ता वित्यो । मूर्ख साथी चलाख साथीकोमा आइपुग्यो र भन्यो -'साथी मैले ल्याइदिएको गदा मान्छे बन्यो ? बनेको भए कस्तो मान्छे बनेछ हेरौन । चलाख साथीले भन्यो-'अँ मेरा साथी, गदा मान्छे त बन्यो तर तिमी हामी जस्तो सामान्य मान्छे भने बनेन । ऊ त ठूलो ओदाको मान्छे पो भयो त ! मूर्ख साथीको पनि झन बढी चासो बढयो र भन्यो लौ भन्नु पऱ्यो ! त्यो मेरो बुडो गदा कस्तो मान्छे बन्यो । उसका उत्सुकता पूरा गर्दै चलाख साथीले भन्यो -त्यो गदा अहिले डि.एस.पि भएर जिल्ला प्रहरी कार्यालयमा छ । हेर्नै पर्ने भए त्यँहा जाऊ अनि पालेलाई भन्नु मेरो विशेष काम छ मेरो गदा ठूलो मान्छे भएर यहाँ आएको छ रे । त्यसलाई भेटनु छ । डि.एस.पि. साहेपलाई बोलाई देऊ भन्नु अनि भित्र जान पाइन्छ भनि चलाख साथीले बतायो ।

मूर्खको पालो सरासर जिल्ला प्रहरी कार्यालय गयो र पालेसंग भन्यो-मेरो गदा यँहा ठूलो मान्छे भएर आएको छ रे । डि.एस.पि. साहेपलाई भेट्नु पऱ्यो । पालेले पनि डि.एस.पि. साहेपलाई एउटा मान्छे यस्तो कुरा गरेर तपाईसंग भेटन भनि कुरेर बसेको छ भन्यो । डि.एस. पि.ले पनि भित्र पठाइ दिने आज्ञा दिए । पालेसरासर ढोकामा आएर भन्यो ल ! ल ! भित्र साहेपले पठाइ दिनु भन्नु भएको छ जानुहोस् । मूर्ख पनि सरासर डि.एस.पि. भएको ठाँउमा पुगेर उसको शिरदेखि पाउसम्म हेऱ्यो र भन्यो-'यो गदा त यस्तो, सत्रो, ठूलो मान्छे पो भएछ ।' डि.एस.पि.ले भन्यो- 'के भनेको ?! के भन्नुछ रे मूर्ख साथीले भन्यो के भन्नु नि मेरो मर्न लागेको लिखुरे गदा तँ ! एत्रो मान्छे भइछस् । ' डि.एस.पि.ले आँखै देखेन बुटका तुना कस्यो र मूर्खको छातिमा एक लात माऱ्यो ।

ऊ तिरमिराउदै भुइमा ढल्यो । उत्तानो परेछ । तिरमिराएका आँखा राम्रोसंग हेर्न सकेन । आँखामाथि हात राखेर फेरि मूर्खले भन्यो -' गदा ठूलो मान्छे भए पनि लात मार्ने बानी भने अझै बदलिएको रहेनछ ।' चलाख साथीले आफूलाई मूर्ख र बुद्दु बनाएको रहेछ भन्ने कुरा उसले अझै थाहा पाएन । ढोकामा रहेको पालेले हर्कादै बाहिर लेगेपछि ऊ झसङ्ग भयो । उसले सम्झयो मलाई आफ्नै चलाख साथीले मेरो मूर्ख्याई र वुद्धि हिन मतिलाई सुधार्न यस्तो चाल चाले छ भन्दै आफैलाई धिकार्दै घरतिर लाग्यो ।

### ३.७.१ विवेचना

#### ३.७.१.१ कथावस्तु

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित छ । गाउँले वातावरणमा हुर्किएका दुई व्यक्तिहरू एक आपसमा साथी साथी हुन्छन् । सानोमा खुबै मिल्ने साथीमा एउटा अति नै चलाख र अर्को चाँहि बुद्दु स्वभावको छ । यी दुई बीचको संवाद र सोचाइलाई नै यस कथाको विषयवस्तु बनाइएको छ । चलाख साथी र मूर्ख साथी भनी अगाडि बढेको कथानक अन्त्यमा आफू अबुझ भएकोमा चलाखले झुक्याइएको बुझी मूर्ख साथीले आफैलाई धिर्कादै कथाको अन्त्य हुनु यस कथाको विशेषता हो । जसमा एउटा गधालाई डि.एस.पी बनाएको अनिरञ्जित घटना नै कथाको मुख्य आकर्षण हो ।

#### ३.७.१.२ पात्र विधान

यस कथामा चलाख साथी मूर्ख साथी, गधा, डि.एस.पी. प्रहरी जस्ता पात्रहरू रहेका छन् । आफ्नो मूर्ख र बुद्धु साथीको स्वभाव कहिल्यै सुर्धान नसकिएकोमा ऊ दिक्क थियो । एकदिन अर्को साथी साँग कुराकानी गर्दा यस गधालाई मान्छे बनाऊ भनेको सकिएन भन्दा गधा मान्छे बन्छ भनी मूर्खले भनेको बदला लिन चलाख साथीले गरेको चलाखीनै यस कथामा पत्रगत चरित्र रहेको छ ।

#### ३.७.१.३ परिवेश

गाउँ, सहर, र जिल्ला प्रहरी कार्यालयको सेरोफेरो नै यस कथाको सामाजिक परिवेश हो । व्यङग्य प्रधान यस कथामा लौकिकपात्र र गधा काल्पनिक रूपमा मान्छे

भएको अति अपत्यारिलो कुरालाई बुद्धुका सोचाइको ठीक ठानेको र धोका पाएको परिस्थितिलाई यस कथाको प्रमुख परिवेश बनाइएको छ ।

### ३.७.१.४ संवाद

यस कथाको प्रमुख विशेषता नै संवाद हो । मूर्ख र चलाख साथीदेखि प्रहरी र मूर्ख अनि अन्त्यमा डि.एस.पीर मूर्ख बीचमा भएको संबादले कथालाई रोचक, हाँस्य र माधुर्य भरेको छ भन्नु उपयुक्त हुन्छ । यस कथाको शुर मध्य र अन्त्यसम्ममा सबैतिर संबाद रहनु यस कथाको विशेषता हो ।

### ३.७.१.५ उद्देश्य

एकहोरो विश्वास र चलाख्याइँको नजर अन्दाज गर्न नसक्ने मानिस साथी भए पनि मुख्याइँले दुःख पाएको देखाउनुले प्रस्तुत कथा बुद्धिले काम नगरेको खण्डमा दुःख र हण्डर खेप्न बाध्य हुन्छ । पत्याउनै नसकिने कुरामा विश्वास गर्नुले केवल दुःख मात्र हुन्छ भनी सन्देश दिनु नै यस कथाको प्रमुख लक्ष्य हो ।

### ३.७.१.६ भाषाशैली

संवादातात्मक भाषाशैलीलाई आत्मासात गर्दै अगाडि बढेको यस लोककथाको भाषा सरल सहज भएर पनि व्यङग्यले भरिएको छ । संरचनागत शैली ग्रामीण भए पनि आधुनिक युगमा प्रयोगमा आउने डि.एस.पी जस्ता शब्दको प्रयोग हुनाले कथाको शैलीमा आधुकिताको छनक दिन्छ नै भन्नु सत्य ठर्हछ ।

### ३.७.१.७ निष्कर्ष

प्रस्तुत लोककथाको उचित विश्लेषणबाट यस कथाले समाजमा रहेको बडप्पनलाई कथातत्वका आधारमा विश्लेषण गरी उचित सफलता प्राप्त गरेको छ ।

## ३.८ 'चार चोरको अन्त्य'

धेरै वर्ष अघिको कुरा हो, एकादेशमा राजाका कुमार छोरा सधै आफ्नो नित्यकर्म गर्न नदीमा जान्थे । नुहाई नित्य कर्म सकेपछि दरबार फर्कन्थे । एक दिन बिहान उनी आफ्नो नित्य कर्मकालागि नदिमा पुगेर नुहाइरहेका थिए । हातमा एउटा

कपलको केश जस्तो कालो तर लामो त्यान्द्रो बेरीएर आयो । त्यसलाई फूकाल्दै नदीमा फाल्दै नुहाइ सकेर आफ्नो कर्म पूरा गरेका मात्र के थिए । त्यो त्यान्द्रो त विशाल काली नाग पो बन्यो ! उनी दरबारको बाटो लागेको त, त्यो नागले पिछा गर्दै गयो केही माथि पुगेर डराँउदै राजकुमारले पछाडि फर्के हेरेको त नाग नजिकै आइपुगेछ । डरले कम्दै राजकुमार नजिकैको पाटीमा पसे । नाग पनि त्यसै पाटीमा पस्यो । सातो गायो । राजकुमार छिट्टै पाटीको चोटामा गए । नाग झ्याङ नेर आफ्नो फँडा माथि उठाइ बसिरहयो । राजकुमार बारम्बार नागले बाटो छाड्योकी हेरिरहन्थे । नाग टसकोमस नगरी बसिरयो साँझ पर्न लागेको थियो फेरि नागले बाटो छाड्योकी भनेर विस्तारै चियाएर हरेको त ! नाग चार टुक्र भएर काटियो । काटिएको केही समयपछि त्यो विशाल नाग त सर्लक्क सुनमा परिवर्तन भएर झलमलायो । अब त राजकुमार डरले झन चूपचाप पाटीमा बरिरहेका थिए ।

झमक्क साँझ पऱ्यो । चारै तिर अध्यारो भयो । त्यसै पाटीमा चार जना चोर आएर सल्ला गर्न थाले । राजाको दरबारको पूर्वपट्टी एउटा सानो झ्याल छ । त्यस झ्यालको भित्र सानो कोठा छ । त्यसकोठामा सुन चाँदी राखिएको छ । त्यसलाई होस पुऱ्याएर चोर्नु पर्छ । चोरेका सामान यँही आएर बाडौंला ! यो कुरा चोटामा बसेका राजकारले सुनिरहेका थिए । त्यतिकैमा एउटा चोर झस्क्यो र भन्यो -ए ! साथी हो हेर त ! यो पाटीको त्यो झ्याङ्नेर सुनको थुप्रो ! सबैले हेरे त्यो सुन नै थियो चार ठाँउमा । अर्को चोरले भन्यो -ठँयाक्कै चार भाग कस्तो मिलाएको ! अब दरबार पुग्नु परेन सुन खोज्न । खतरा पनि परेन दैवी लिला अर्को चोरले भन्यो -'अब चाहेको कुरा पाइयो । दुई जनाले यो सुन कुरेर बसौं । दुईजना बजारमा गएर मीठाइ किनेर ल्याँऊ । मीठाइ खाएपछि सुनको बाडँफाड गरिबाटो लागौंला । सबैले यो कुरा मानेर दुई बजार गए/दुई सुन कुरेर बसे ।

बजार गएका दुई जनाले सल्ला गरे । हामी मीठाइ खाऊ र उनीहरू दुई जनाका लागि लगिने लड्डुमा विष मिलाएर लैजाऊँ । विष भएको लडडु खाएपछि दुबै मर्ने छन अनि सुन आधा-आधा बाँडे र लैजाउँला । उता सुन कुर्नेहरूमा पनि

कुविचारले बाटो पायो । उनीहरूले सल्ला गरे । जब ती दुई जना पाटीमा आउँछन तब तरबारले पक्कापक काटेर मारौँ र सुन आधा-आधा बाँडौँ ।

योजना अनुसार मीठाइ लिएर जब दुई चोर पाटिमा पुगे एकले एकलाई च्याप्प समातेर तरबारले काटी लास जमिनमा पारेर उनीहरूको हातमा ल्याइएका लडडहरू खुब स्वाद मानी खाए । विषको कारणले गर्दा ती दुई पनि जमिनमा ढले । यस वेला सम्ममा बिहानको मिरमिरे उज्यालो हुनै लागेका थियो । ती चार टुक्रा सुन भएको नाग जोडिएर हिजो कै जस्तो कालीनाग बन्यो । हिजो जुनबाटो आएको थियो । त्यही बाटो नाग नदीमा गयो । यो सारा घटना हेरेका राजकुमार पाटीबाट निस्केर सरासर दरबारतिर लागे ।

### ३.८.१ विवेचना

#### ३.८.१.१ कथानक

प्रस्तुत कथा अलौकिक विषयवस्तुमा आधारित छ । यस कथामा एउटा राज्यका राजकुमारको नित्यस्नान गर्ने बानी र त्यही नित्य स्नान गर्दा एक दिन कालो केश जस्तो लामो वस्तु शरीमा बेरिनु फुकाउँदै फाल्दै गरेका राजकुमार नुहाइ सकेर फर्कदा घटेका एक दिन रातका घटनाक्रमहरू समावेश भएको छ । नुहाएर फर्कदा राजकुमारलाई कालीनागले फडा उठाइ लखेट्नु र बँच्नका लागि उनी पाटीको चोटामा बसेर नागका क्रियाकलापलाई हेर्दा हेर्दै साँझ पर्नु र नाग चार टुक्रामा काटिनु, सुन बन्नु, चार चोर पाटीमा आएर राजदरवारमा चोरी गर्न जाने योजना बनाउनु, सुनका चार थुप्रा देखेर एकले अर्कालाई मार्दा चोरको अन्त्य हुनु र राजकुमार र दरबार सुरक्षित कालीनागले गर्नु नै यस कथाको कथा वस्तु हो ।

#### ३.८.१.२ पात्र वा चरित्र

यस कथाको प्रमुख पात्र कालीनाग हो भने अन्य पात्रहरूमा राजकुमार र चार चोरहरू पर्दछन । राजकुमारको महत्वपूर्ण भूमिका नदेखिने यस कथामा कालीनाग र चोरहरु कै क्रियाकलाप महत्त्वपूर्ण देखिन्छन् । नाग चार टुक्रा सुनमा परिणत हुनु अति

अलौकिक, काल्पनिक कार्यबाट दरवारमा चोरी नहुनु र चारै जना चोरको आपसी लोभका कारण मृत्यु हुनु यस कथाको चरित्रगत विशेषता हो ।

### ३.८.१.३ परिवेश

नदी, बाटो, पाटी जस्ता लौकिक परिवेशलाई काली नागको अलौकिक क्रियाकलापले मुख्य स्थान पाएको छ । राजकुमारले नदीमा नुहाएर फर्कदा बाटोमा र पार्टीमा भएको क्रियाकलाप नै यस कथाको परिवेश हो । देशदेशावरमा लाग्ने चोरी र त्यसलाई काली नागको अलौकिक शक्तिले छेक्नुका साथै बुद्धिको कारणले चार चोरकै पाटीमा अन्त्यहुनु र दरवार चोरीबाट जोगिनु यस कथाको मुख्य परिवेश हो ।

### ३.८.१.४ संवाद

चार चोरको अन्त्य लोककथामा पनि संबाद छोटोमात्र रहेको छ । चार चोरको बीचमा थोरै मात्र संबाद भएको छ । त्यसैले संबादका दृष्टिले हेर्ने हो भने यो कथामा संबाद झिनो रहेको छ ।

### ३.८.१.५ उद्देश्य

बुद्धि र व्यवहारमा सद्चरित्र भएमात्र सफलता पाइन्छ । दैवी शक्तिले पनि सत्यलाई साथ दिन्छ । त्यसैले सतकर्म गर्नुपर्दछ भन्ने सन्देश दिने उद्देश्य यस कथाको रहेको छ । सत्यसको मार्गमा हिँड्ने राजकुमारको बचावटका साथै दरवारको रक्षा गर्दै चार चोरको अन्त्य सतकर्मले भएको प्रमाणित गर्नु कथाको उद्देश्य हो ।

### ३.८.१.६ भाषाशैली

सरल र सुबोध्य भाषाको प्रयोग गरिएको यस कथामा अद्‌भूत शक्तिको रूपमा नागलाई देखाइएको छ । जसले गर्दा कोतुहलता र चासो बढ्ने शैलीमा कथा अगाडि बढेको छ । निरिह राजकुमार र दरवारबो रक्षालाई कालीनागले अलौकिक शक्तिद्वारा बचाएको देखाउन भाषा र शैलीदुवैको महत्वपूर्ण भूमिका रहेको छ ।

### ३.८.१.७ निष्कर्ष

अलौकिक शक्तिबाट मानवीय शक्तिलाई क्षण गराइएको देखाउने प्रस्तुत कथाले माथिका कथातत्वका संयोजनबाट कथा आकर्षक र सफल बन्न पुगेको छ ।

## ३.९ '**कालेश्वर महादेव**'

परापूर्वकालको कुरा हो, महादेवले सती देवीको मृत शरीरलाई बोकी पृथ्वी भ्रमण गर्ने क्रममा यस स्थानमा आइ पुग्दा कण्ठ पतन भयो । कामाष्ठी पिठ कालेश्वर महादेव उत्पन्न भएर शिवशक्ति स्वरूपलेरहे । यस पुण्ड्य भूमिमा पृथ्वीले तपस्या गर्दा सृष्टि गर्ने ठाँउ भए भनि वरदान पाइन् । यसै पवित्र तिर्थमा कालमोचनले भगवान कालेश्वरलाई चनढुङ्गमा चन्दनघोटी, नाना प्रकारका फूलहरू चढाई सेवा गर्दा महादेव खुसी भएर कालमोचनलाई भनेछन् 'हे कालमोचन तिम्रो भक्ति भावदेखि म प्रसन्न भएँ' बरदान माग ! 'कालमोचनले प्रणाम गरी भगवानमा भक्तिलागोस् । काललाई सम्म जीत्न सकुँ भनिवरदान मागेछ तब महादेवले कालमोचलाई वरदान दिनुभएछ र महादेवले के भन्नु भएकोरहेछ भने 'कलियुगमा धेरै दैवी विपत्तीहरू पर्ने छन । जो मानिसले यस कालेश्वर महादेवको सेवा भक्ति गरी आराधना गर्ला उसको पनि विपत्तीलाई म टारिदिनेछु । यति भनेर महादेव सतीदेवीको मृत शरीरलाई बोकी अझै दक्षिण लागेछन् ।

कालमोचनले कालेश्वर महादेवलाई खुसी पारेकोले यस क्षेत्रमा ठुलो भूकम्प बाढी पैरो तथा दैवी प्रकोपले नविगार्ने विश्वास छ । कालमोचनले वरदान पाए पछि मानिसहरूले पनि यस धाममा त्रिवेणी घाटमा नुहाएर कालमोचन गुफा चनढुङ्गा हुदै हातमा एक घडा पानीलगेर महादेवको सेवा भक्ति गर्न थाले तब मानिसहरूका दैवी आपत्ती र प्रकोपबाट मीक्त मिलेको भन्ने विश्वास गरिन्छ ।

आजभोलि पनि टुगुन र प्याङगाँउका बासिन्दाहरू त्रिवेणी घाटमा नुहाएर चारपाँच घण्टाको उकालो दक्षिणतिर उक्लदै कालेश्वरमहादेव मन्दिरमा पूजा अरधना गर्दछन् । विशेष गरेर यस स्थानमा पौष शुक्ल पूर्णिमा देखि चैत्रशुक्ल पूर्णिमा सम्म मेला लाग्छ । चैत्रशुक्लपूर्णिमामा त जात्रा पनि लाग्ने गर्छ । कालमोचनले चन्दन घोटेको चनढुङ्गाको ठूलोभाग सानो चट्टानमा अडिए जस्तो देखिने आकृतिले त झन महादेवको विश्वास बढदै गएको छ ।

### ३.९.१ विवेचना

#### ३.९.१.१ कथावस्तु

प्रस्तुत कथा पौराणिक विषयवस्तुमा आधारित छ । हाल ललितपुर जिल्लाको दक्षिणपूर्वी पहाडको चुचुरामा रहेको स्थान र शिवपुराणमा उल्लेखित पौराणिक विषयले पूर्ण रहेको यस कथामा सतीको अङ्ग पतन र पृथ्वीको तपस्यामा साथै कालगोचनले पाएको वरदानमा विश्वास गरेर हाल पनि पौष शुक्लपूर्णिमा देखि चैत्र शुक्लपूर्णिमा सम्म विशेष मेला लाग्ने शिवपीठको रूपमा चर्चित महादेव कालेश्वरको विषय नै यस कथा को कथावस्तु हो ।

#### ३.९.१.२ पात्र वा चरित्र

यस कथमा रहेका पात्रहरू सम्पूर्ण अलौकिक र मानिस भन्दा पृथक छन् । शिवशक्तिको महिमालाई उल्लेख गर्न सतीदेवीको कण्ठपतन भएको ठाउँ भन्दै कालमोचनले बरदान पाए को चन्दन घोट्ने ढुङ्गा जो आज पनि अजङ्गको छ त्यसको चर्चाले यो कथा उच्च अलौकिक शक्तिको प्रयोग गरिएको र चरित्रमा शिव शक्तिलाई प्राथमिकता दिएको कथा हो ।

#### ३.९.१.३ परिवेश

अलौकिक परिवेश भएपनि ललितपुर जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित यो स्थानको धार्मिक र सांस्कृतिक महत्व छ । पहाडी भूखण्डमा अवस्थित यस कथाको सेरोफेरो पहाड जङ्गल र ग्रामीण बस्तीले पूर्ण छ । त्यसैले यस कथाम समावेश परिवेशले यस क्षेत्रको भूबनोटलाई पनि बोकेको छ ।

#### ३.९.१.४ संवाद

यस कथामा संवादको झिनो संरचना पाइन्छ । शिवले कालमोचनलाई वरमाग्ने संवोधन भएको छ । त्यसपछि कुनै पनि प्रकारका संवादको सिर्जना नभएकोले कमजोर संवाद भएको लोककथा मान्नु युक्तिसंगत नै देखिन्छ ।

### ३.९.१.५ उद्देश्य

दैवी शक्तिको उद्धास गरेर हाल पनि ईश्वरीय शक्ति पीठको महिमा महत्वपूर्ण छ भन्दै स्थान विशेषका पीठको आफ्नै अर्थ र महत्व हुन्छ भन्नु धेरै स्थानमा कालेश्वरको महिमाको सन्देश फैलाउनु वाचक र श्रवण कर्ताको उद्देश्य हो ।

### ३.९.१.६ भाषाशैली

पौराणिक किम्बदन्तीका आधारमा यस कथाको सृजना भएको हुँदा गाउँले बोलीमा नै प्रचलित भएको भाषालाई सरल,सहज र बोधयुक्त रूपमा प्रस्तुत गरेको पाइन्छ । कथाको संरचनापनि छोटो र मीठो देखिन्छ ।

### ३.९.१.७ निष्कर्ष

माथि उल्लेखित गरिएको कथातत्वका आधारमा प्रस्तुतकथा पौराणिक धर्म सम्बन्धी विषयलाई प्रकाश पार्न सफल छ । तत्वगत आधारमा कथा विश्लेषणले रोचक र कथाको वास्तविक स्वरूपको पहिचान दिएको छ।

### ३.१० 'अघोरीको जङ्गल '

एकादेशमा एउटा जङ्गल थियो । त्यस जङ्गलमा अघोरीनाम गरेकी राक्षस्नी बस्ने गर्थि । त्यसैले जङ्गलको नाम नै अघोरीको जङ्गल थियो जङ्गलमा केटाकेटी जान डराँउथे । अघोरीले केटाकेटी भेट्टाइ भने खाइ दिन्थि ।

जङ्गगल नजिकैको गाँउमा एउटा परिवार थियो । त्यस परिवारमा दिदी भाइ, बाबु र सानीमा बस्ने गर्थे । दिदी भाइकी आमा सानैमा उनीहरूलाई छाडेर परलोक गएकिथिइन । सानीमाले दिदीभाइलाई त्यति राम्रो व्यवहार कहिले गर्दिनथिन् ।

एक दिन सानीमाले दिदी भाइलाई खुबै माया गरेर अघोरी जङ्गलमा दाउरा खोज्न जानेकुरा बताइन् । उनीहरुले हुन्छ भनेर सल्ला पनि गरे यी सानीमा हामीलाई कहिलै राम्रो नगर्ने आज यिनको चाल ठीक छैन । हामीले आफ्नो सुरक्षाका लागि उपाय निकाल्नु पर्छ । हामीलाई यिनले जङ्गलमै छाडेर आउँन सक्छिन । दुबैले जङ्गल जाँदा बाटोमा ढुङ्गाको चिनो राख्दै गए । जङ्गलमा सानीमा ले आगो बालिदिइन् र भनिन- 'तिमीहरू आगो तापेर बस म दाउरा खोजेर आए पछि घर जाउँला । उनीहरू

आगो तापेर बसिरहेका थिए घाम अस्ताएको देखेर उनीहरू आफ्नो चिनो हेर्दै घर फर्के । घरमा सानीमा अघिनै आइसकेकी रहेछिन् । छोराछोरी आएको देखेर छक्क परिन तर केही बोलिनन् ।

अर्को एक दिनको कुरा हो, सानीमाले रोटी पकाइन् । रोटिपेट भरी खानदिए र भनि बाबु हो ! आज पनि जङ्गल जानुपर्छ । उनीहरूले स्वीकार नगर्ने कुरै थिएन । दिदीभाइले आजबाटोमा रोटीका टुक्राहरू राख्दै बाटोको चिनो बनाए तर उनीहरूलाई यो कुरा थाहा भएन कि रोटी त चरा कमिलाले खान्छ । लुरुलुरु जङ्गलमा गए । पहिले झैँ सानीमा आगोवालेर दाउरा खोज्न गइन् । दिदीभाइ आगो तापेर बसिरहे । आगोको तातोले उनीहरू निदाए छन् । विँउझदा त साँझ झमक्कै परेछ । यसो बाटो हेरे रोटी चराले खाइसकेछ । यता न उता बाटो भेटाएनन् । घर जानेबाटो भनि हिडेको त जङ्गलतर्फ पो लागेछन् । छामछाम छुमछुम गर्दै एउटा उज्यालो भएको ठाँउमा उनीहरू पुगे । त्यो त अघोरी राक्षस्नीको घर पो रहेछ । दिदी भाइको सातो गयो । डरले उनीहरू थरथर कामिरहे अघोरीले मान्छेको गन्ध पाएर बाहिर निस्की ठूलो न ठूलो कालो शरीर लामा दाऱ्हा हात्ती जस्तै मोटी र भद्धा ज्यान रहेछ अघोरीको यो देखेर उनीहरू भइमा थुचुक्क बसे । अघोरीले यो चाल पाएर मायालु स्वरमा भनि...‘बाबु हो ! डराउनु पर्दैन । भित्र आओ ! यो पनि तिमीहरूकै घर त हो नि ! भन्दै दुबैलाई समातेर भित्र लगेर मीठा मीठा खानेकुरा खुवाइवरी सुत्न दिइ तर उनीहरू डरले रात भरि निदाएनन् ।

भोलिपल्टदेखि राक्षस्नीले दिदीलाई जुम्रा मार्ने र घरमा काम धन्दा सघाउन लगाइभने भाइलाई बाँधेर राखी । भाइलाई दिनहुँ मासु र भात खुवाउँथी । यो देखेर दिदी दङ्ग परी दिदी भाइ कसरी यो राक्षास्नीको हातबाट फूत्कने भनि सोधखोज एक अर्कामा गरिरहन्थे ।

एक दिन राक्षस्नीले भनि -‘तेरा भाइलाई मोटाउछ कि भनेर मासु र भात खुवाएर राखेँ तर कहिलै मोटाएन । जा ! चोटाबाट तरबार र ठुलो भ्याङ्गा लिएर आइज् । आज म यसलाई काटेर खान्छु । तँलाई चाँहि खानु भएन मेरा जुम्रा मार्नु र

घरधन्दा गर्नु पर्छ । राक्षस्नीका कुराले दिदीभाइ खुबदु:खी भए । एकले अर्कालाई टुलु टुलु हेरिरहे । राक्षस्नी वाहिर निस्कि ।

दिदीले हतार भाइलाई फुकाइ र भनि-'भाइ चोटामा तरबार छ, त्यसलाई म ल्याइ दिन्छु । राक्षस्नी भित्र पस्न लाग्दा तँ त्यसलाई काटीदे नत्र हामी दुई छुटिनु पर्छ सदाका लागि । भाइले दिदीलाई छिटै तरबार ल्याउन भन्यो । दिदीले पनि तरबार लिएर आइपुगि' ।

राक्षस्नी ढोकामा आएर भनि-'ल्याइस् त तरबार' ! यी ल्याए भन्दै भाइले राक्षस्नीको एउटा हात छिनाल्यो । ऊ रन्थनिएर भूइमा लडी । दोस्रो पटक गर्दनमा प्रहार गऱ्यो । जङ्गलै थर्कने गरी अघोरी चिच्याएर मरी । राक्षस्नीको चोटामा प्रसस्त सुन चाँदी दौलत र धनमाल रहेछन । ती सबै धनको पोको बनाएर दिदीभाइ गाँउतिर आए । सानीमाले सोचेकि थिइन । यीत अघोरीका शिकार भए होलान तर उनीहरू अघोरीलाई मारी दौलत लिएर गाँउफर्केको देखेर भित्र भित्रै आफू लाई धिकारीन् । पछुतो मानिन् तर दिदीभाइले सानीमाको कुनै चर्चानै गरेनन् ।

### ३.१०.१ विवेचना

### ३.१०.१.१ कथावस्तु

प्रस्तुत कथा अलौकिक विषयवस्तुमा आधारित छ । एउटा गाउँको नजिकै रहेको जङ्गल र त्यसको सेरोफेरो नै यस कथाका कथावस्तु हो । जसमा गाउँलेहरू तथा अघोरी राक्षस्नीको बारेमा भएका डर त्रासका घटनाहरू यस कथाको विषय हो । सानीमाले हेलाँ गरी जङ्गलमा छोडिदिएपछि बाटो भुलेर जङ्गलकी अघोरीको घरमा पुग्नु र वन्दीजीवन विताउन बाध्य भएका दिदी भाइले बुद्धि र वर्गतको प्रयोग गरेर राक्षसी शक्तिको अन्त्य गरी आफ्नो घर फर्केको विषय नै यस कथाको कथा तत्व हो । अघोरीलाई मारे पनि जङ्गलको नाम भने अझै अघोरी नै रहेको देखाइएको छ ।

### ३.१०.१.२ पात्र वा चरित्र

यस लोककथामा मानवीय तथा मानवेतर पात्र को प्रयोग गरिएको छ। मानवीय पात्रहरूमा सौतेनी आमा, तिनका सौताका छोरा र छोरी तथा मानवेत्रर पात्रमा अघोरी

नामकी राक्षस्नी रहेकाछन् । अघोरी राक्षस्नीको बारेमा भएका डर र त्रासका घटनाहरूलाई यस कथाको मुख्य कथावस्तु भनिएको छ । मानिस त्यस्तो बुद्धिमानी हुन्छ जो आफ्नो रक्षामा आफैँ सक्रिय हुन्छ भन्ने उदाहरणलाई दिदी भाइको तर्क र शक्तबाट अघोरीी नाश गरी मानवीय चरित्र विजयी भएको देखाउनु यस कथाको प्रमुख चरित्र हो ।

### ३.१०.१.३ परिवेश

लौकिक पात्रले अलौकिक पात्र राक्षस्नीलाई उसकै घरमा भूलवस पुगे पनि साहस र दिदीको बुद्धिले जितेको घटना गाउँ र अघोरी जङ्गलको परिवेशमा संरचित कथा हो । मानवीय पात्रले राक्षस्सी शक्तिलाई उसकै दरवारमा पराजित गराइ आफ्नो गाउँ फर्कन राक्षस भएको स्थिति यस कथाको परिवेश हो ।

### ३.१०.१.४ संवाद

प्रस्तुत कथामा दिदी र भाइ बीचमा भएको संवाद र राक्षस्सी र दिदी बीचमा भएको संवादले कथामा संवाद तत्वको पनि प्रयोग गरिएको छ । जसले गर्दा का अझै रोचक, सहज र मीठासले पूर्ण भएको छ ।

### ३.१०.१.५ उद्देश्य

लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । मानिसको व्यवहारकै कारण उनीहरूले सुख दुःख पाउँछन् । समाजमा सौतेनी व्यवहारको पीडा भोगेका दिदीभाइले अघोरीलाई नाश गरी घर फर्कनु र सानीमालाई आफ्नो पुरुषार्थ देखाउन सफल हुनु र सत्यकर्मले सफलता पाइने सन्देश दिनु कथाको उद्देश्य हो ।

### ३.१०.१.६ भाषाशैली

सरल, सम्प्रेश्य, बोधगम्य भाषाो प्रयोगले गर्दा भाषा सहज छ । कथाको अन्वितिपनि शुरु मध्य र अन्त्यको उपयुक्तताले गर्दा ग्रामीण जीवन र राक्षसी प्रबृत्ति को सरल भाषामा कथा अगाडि बढेकाले सुनौसुनौ लाग्ने शैलीको प्रयोग छ ।

### ३.१०.१.७ निष्कर्ष

अलौकिक विषयवस्तुमा आधारित यो कथा विश्लेषण कथातत्वका आधारमा हुनुले यो कथा एक सफल कथाका रूपमा अगाडि देखापरेको छ । जसलाई तत्वगत आधारमा विश्लेषणले सुनमाथि स्वर्ण थपेको छ ।

**निष्कर्ष**

यस अध्यायमा संकलित लोककथाको स्थापना तथा कथातत्त्वका आधारमा लोककथाको विश्लेषण गरिएको हो । यस खण्डको पहिलो खण्डमा मूल कथा राखिएको छ । मूल कथाहरू जम्मा १० वटा रहेका छन् । पहिले मूलकथा दिइएको छ त्यस पछि कथातत्त्वका आधारमा प्रत्येक कथाको विश्लेषण गरिएको छ ।

पहिलो कथा छट्टूको संसार र त्यसको कथातत्त्वका आधारमा विश्लेषण र निष्कर्षसम्म दिइएको छ । त्यसपछि क्रमशः सुन फल्ने रूख र त्यसको विवेचना, चलाख खरायो र त्यसको विश्लेषण, जात्रुको धर्म परीक्षा र विश्लेषण, सत्यको जित र त्यसको कथाको विश्लेषण, अपाङ्ग वालिका र सन्तकथाको विश्लेषण, मूर्खको बुद्धिकथा र त्यसको कथातत्त्वका आधारमा विश्लेषण, चार चोरको अन्त्य कथा र विश्लेषण, कालेश्वर महादेव र त्यस कथाको कथातत्त्वका आधारमा विश्लेषण र अन्त्यमा अघोरीको जङ्गल कथा र त्यस कथालाई कथा तत्त्व आधारमा विश्लेषण गरिएको छ । कथातत्त्व भित्र कथावस्तु पात्र वा चरित्र, परिवेश, संवाद, उद्देश्य र भाषाशैली पर्दछन् । कथा विश्लेषणको अन्त्यमा प्रत्येक विश्लेषण्को निचोड पनि दिइएको छ । जसले गर्दा कथाहरू कथातत्त्वका आधारमा विश्लेषणपछि त्यसमा भएका मुख्य भाव र भावनाहरूको सही प्रतिनिधित्व भएको छ ।

# अध्याय - चार

# उपसंहार

## ४.१ निष्कर्ष

प्रस्तुत अध्ययनपत्रलाई प्रमुख ४ खण्डमा विभाजन गरेर अध्ययन कार्य गरिएको छ । यसको प्रथम खण्ड वा पहिलो अध्यायमा परिचय खण्ड राखिएको छ । जसमा ललितपुर जिल्लाको दक्षिणपूर्ति गा.वि.स.हरू कालेश्वर र चन्दनपुरमा रहेका लोककथाको अध्ययनकार्य आज भन्दा पहिले नभएकोले हाल यो कार्यमा आफ्नो संलग्नता मा त्यस क्षेत्रमा रहेका लोककथाको संकलन गर्ने उद्देश्यले प्रस्तुत पहिलो अध्यायमा आवश्यक खोज र अध्ययन गरिएको छ ।

दोस्रो अध्यायमा लोककथाको परिचय परिभाषाका साथै लोककथाको सिद्धान्त, उत्पत्ति, तत्वहरू, विशेषताहरू र लोककथा अध्ययन परम्परामा गरिएको खोज, अनुसन्धान र अन्वेषण कार्यहरूलाई प्रमुख प्राथमिकताका साथमा शोध र सन्दर्भ ग्रन्थहरूको सहायतामा अध्ययन गरी प्रत्येकको विश्लेषण निष्कर्ष सहित दिइएको छ ।

तेस्रो अध्याय अर्न्तगत कथा तत्वका आधारमा नेपाली लोककथाको विश्लेषण गरिएको छ । यस खण्डमा आफूले अध्ययन गरेको क्षेत्रका लोककथालाई मूल पाठको रूपमा प्रस्तुत गरी प्रत्येक लोककथाको कथातत्वका आधारमा विश्लेषण तथा निष्कर्ष दिइएको छ । यो खण्डमा भएको विश्लेषणले त्यस क्षेत्रमा भएका अन्य लोककथा सम्बन्धी थप अनुसन्धानलाई टेवा पुऱ्याउने कार्य गर्दछ ।

यस अध्ययन पत्रको चौथोमा अन्तिम खण्डमा उपसंहारलाई दिइएको छ । जसमा मुख्य र भाग रहेका छन् । पहिलो सारांश खण्ड जसमा प्रत्येक अध्यायको मूल शीर्षक र उपशीर्षकलाई समावेश गरिएको छ भने दोस्रो भागमा यो अध्ययनको सारलाई निष्कर्षको रूपमा दिइएको छ । यस अध्ययनको कार्यले नेपाली लोकसाहित्यको लोककथा विधामा थपटेवा पुऱ्याउन सफल भएको छ भन्नु युक्तिसँग नै ठर्हछ । यसै क्षेत्रमा लोककथा र लोकसंस्कृतिको थप अध्ययन (अनुसन्धा गर्न यो अध्ययन पत्र एक कोशे ढुङ्गा सावित हुन्छ भन्नेमा विश्वास गर्न सकिन्छ ।

# सन्दर्भसूची


अधिकारी, बोधविक्रम, **नेपाली दन्त्यकथा** काठमाडौंः नेपाली भाषा प्रकाशित समिति (१९९६)

उपाध्याय, कृष्णदेव, **लोकसाहित्यकी भूमिका** साहित्य भवन प्रा.लि. ई.सं.१९९५ ।

कर्मा, लीलासिंह, **हाम्रो लोककथा** काठमाडौंः साझा प्रकाशन २०३८ ।

कोइराला, शम्भुप्रसाद **लोकसाहित्य सिद्धान्त र विश्लेषण** विराटनगर धरणीधर पुस्तकालय (२०६५)

जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति** काठमाडौंः रत्नपुस्तक भण्डार २०१४ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना** काठमाडौंः पाठ्यक्रम विकास केन्द्र २०४१ ।

दिवस, तुलसी, **नेपाली लोककथा केही अध्ययन** काठमाडौंःनेपाल ऐकेडेमी २०३३ ।

पराजुली, मोतीलाल, **लोक र लोकसाहित्य** 'दृष्टिकोण' पोखरा

# कथावाचकहरूको परिचय

| क्रमसंख्या | कथाको शीर्षक | कथावाचकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | छट्टूको संसार | सावित्री घिमिरे | कालेश्वर ५ |
| २ | सुनफल्ने रूख | सर्मिला लामिछाने | कालेश्वर १ |
| ३ | चलाख खरायो | तारानाथ बजगाँई | चन्दनपुर २ |
| ४ | जात्रुको धर्म परीक्षा | मेघनाथ घिमिरे | कालेश्वर ३ |
| ५ | सत्यको जित | उदय सञ्जेल | चन्दनपुर ६ |
| ६ | अपाङ्ग बालिका र सन्त | नर्वदादेवी तिमल्सिना | चन्दनपुर १ |
| ७ | मूर्खको बुद्धि | गडुलदोर्जे गोले | कालेश्वर ७ |
| ८ | चार चोरको अन्त्य | रामशरण दहाल | चन्दनपुर ८ |
| ९ | कालेश्वर महादेव | चन्द्रप्रसाद दहाल | कालेश्वर ९ |
| १० | अघोरीको जङ्गल | सविता परियार | चन्दनपुर ९ |